# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५० | काठमाडौं | आइतबार, २१ पुस २०८१ | Prabhab National Daily | Sunday, January 05, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# एमाले र माओवादीको केन्द्रीय समिति एकैदिन

- कांग्रेससँग मिलेर सरकार बनाएयता चौतर्फी घेराबन्दीमा एमाले
- छिमेकी मुलुकसँग कूटनीतिक सम्बन्धसमेत बिग्रँदो अवस्थामा पुगेको समयमा एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले प्रस्तुत गर्न लागिएको राजनीतिक प्रतिवेदनप्रति सर्वत्र चासो
- माओवादीको पनि विभिन्न साना दलसँग कार्यगत एकता, पार्टीलाई बलियो बनाउने विषय र सरकारको कामको समीक्षासहितको राजनीतिक प्रतिवेदनमाथि छलफल गर्ने तयारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमाले र माओवादी केन्द्रको केन्द्रीय समिति बैठक आजबाट सुरु हुँदै छ । नेकपा एमालेले पार्टीको मुख्यालय च्यासलमा बिहान ११ बजेका लागि बैठक बोलाएको छ भने माओवादीले पेरिसडाँडामा दिउँसो १ बजेबाट बैठक सुरु हुने जनाएको छ ।

यसअघि एमालेको सचिवालय बैठक बसेको थियो भने माओवादीको स्थायी कमिटी बैठक । दुवै दलका अध्यक्षले आज केन्द्रीय समितिमा राजनीतिक प्रतिवेदन पेस गर्ने तयारी गरेका छन् ।

नेपाली कांग्रेससँग मिलेर सरकारको नेतृत्व लिएपछि एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले पहिलोपटक केन्द्रीय समिति बैठक डाकेका हुन् । अध्यक्ष ओलीले केन्द्रीय समितिमा प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदन पुस १८ गतेको सचिवालय बैठकले पारित गरिसकेको छ ।

एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेका अनुसार प्रत्येक केन्द्रीय सदस्यले बोल्नका लागि तीन मिनेट समय पाउने व्यवस्था गरिएको छ । बैठकको सुरुमा ओलीले पछल्लो राष्ट्रिय राजनीतिक परिस्थितिबारे मन्तव्य दिने कार्यतालिका रहेको छ । ओलीले प्रस्तुत गर्ने राजनीतिक प्रतिवेदनमा आगामी कार्ययोजना, पार्टी संगठन सुदृढीकरण, वर्तमान सरकार गठन, यसअघिका सरकारमा साझेदारी, सरकारका प्राथमिकता, संविधान संशोधन, आर्थिक सुधार, सहकारीलगायत विषय समेटिएको बताइएको छ ।

कांग्रेससँग मिलेर सरकार बनाएयता एमाले चौतर्फी घेराबन्दीमा पर्न थालेको छ । छिमेकी मुलुकसँग कूटनीतिक सम्बन्धसमेत बिग्रँदो अवस्थामा पुगेको समयमा ओलीले प्रस्तुत गर्न लागेको राजनीतिक प्रतिवेदनलाई महत्त्वका साथ हेरिएको छ । ओलीले चीन भ्रमणको क्रममा कांग्रेससँगको सहमतिबेगर चीनसँग बिआरआई फ्रेमवर्कमा सम्झौता गरेको भन्दै आलोचनासमेत बढेको छ । यस विषयमा कांग्रेसका नेताहरू रुष्ट हुन थालेकामा सत्तासहयात्रीलाई चिढ्याउन नहुने पक्षमा ओली देखिन्छन् । यही समयमा भीम रावललगायत नेताहरूलाई कारबाही, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सम्भावित राजनीतिक 'कमब्याक'का विषयमासमेत छलफल हुने एमाले नेताहरू बताउँछन् ।

यता माओवादी अध्यक्ष पुष्पकमल दाहालले भने आफ्नो प्रतिवेदनलाई 'पार्टी रूपान्तरण र पुनर्निर्माणको संकल्प : आजको आवश्यकता' शीर्षक दिएका छन् ।

माओवादी केन्द्रका प्रवक्तासमेत रहेका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले आजबाटै अध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनमाथि छलफल थालिने बताए । बैठकको प्रारम्भमा अध्यक्ष दाहालले समसामयिक राजनीतिक अवस्थाबारे 'ब्रिफिङ' गर्ने र लगत्तै छलफल थाल्ने कार्यतालिका रहेको छ । माओवादीले बैठक सञ्चालनको मोडालिटी तय गर्न शनिबार स्थायी कमिटी बैठक डाकेकोमा अध्यक्ष दाहालको व्यस्तता भन्दै बैठक स्थगित गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

# वामपन्थ त्याग्नेहरू: केशरजंगदेखि भीम रावलसम्म

■ जेबी योञ्जन

> पञ्चायती व्यवस्था हुँदासम्म दरबारसँग नजिक हुने र राजनीतिक शक्ति र अवसर दुवै प्राप्तिका लागि विचार परिवर्तन गर्ने प्रचलन थियो तर आजकालचाहिँ पार्टीबाट किनाराकृत हुँदा विचार परिवर्तन गर्ने चलन नै देखियो ।
>
> ■ **प्रा.कृष्ण पोखरेल**
> **राजनीतिशास्त्री**

> अब यो देशलाई निकास दिन सबै खालका विचारधाराबाट प्रभावित जनतालाई अटाउने दल चाहिएको छ । त्यो भनेको राष्ट्रवादी धारको हुन्छ । उदारवादी हुन्छ । कम्युनिस्ट पार्टीले समेट्न सक्दैन ।
>
> ■ **भीम रावल**
> **पूर्वउपप्रधानमन्त्री**



- डा. केशरजंग रायमाझी, डा. तुलसी गिरी, गिरिजाप्रसाद कोइराला, उपेन्द्र यादव, डा. बाबुराम भट्टराईलगायतले वामपन्थ त्यागे
- राजनीतिक जीवनको उत्तरार्द्धमा विचार त्याग्ने नेतृत्वको वैचारिक इमान्दारितामाथि प्रश्न
- वामपन्थ त्याग्ने नेताहरूको सूचीमा थपिँदै भीम रावल
- एमालेबाट साधारण सदस्यसमेत नरहनेगरी कारबाहीमा परेपछि गैरवामपन्थी दल खोल्ने तयारीमा रावल

**काठमाडौं–** राजनीतिक जीवनको उत्तरार्द्धमा एकपछि अर्को कम्युनिस्ट नेताले विचार परिवर्तन गरेका छन् । दशकौं कम्युनिस्ट राजनीति गरेर अनेक लाभको पदमा पुगेकासम्मले अनपेक्षितरूपमा विचार परिवर्तन गरेका छन् ।

त्यस्तो नेताको सूचीमा पछिल्लोपटक थपिएका छन्, भीम रावल । २०३० सालदेखि कम्युनिस्ट राजनीति गरेका उनी उदारवादी धाराको गैरवामपन्थी दल स्थापना गर्न अघि बढेका छन् । स्थापना गर्न लागिएको नयाँ दललाई उनले भन्नचाहिँ राष्ट्रवादी दल हुने भनेका छन् । नयाँ दल कम्युनिस्ट नहुने उनले स्पष्ट पारिसकेका छन् ।

'अब यो देशलाई निकास दिन सबै खालका विचारधाराबाट प्रभावित जनतालाई अटाउने दल चाहिएको छ,' उनले प्रभावसँग भने, 'त्यो भनेको राष्ट्रवादी धारको हुन्छ । उदारवादी हुन्छ । कम्युनिस्ट पार्टीले समेट्न सक्दैन ।'

रावलले कम्युनिस्ट नेता राधाकृष्ण मैनालीबाट २०३२ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका हुन् । त्यसयता लगातार कम्युनिस्ट राजनीतिमा उनी क्रियाशील थिए । तर, एमालेको चितवनमा भएको १० औं महाधिवेशनपछि राजनीतिको डिलमा पुऱ्याइएका रावललाई हालै एमाले अध्यक्ष केपी शर्मा ओलीले साधारण सदस्यतासमेत नरहनेगरी कारबाही गरेर हटाएको छ । त्यसपछि रावल कम्युनिस्ट धारबाट अलग हुने भएका छन् ।

२०४७ मा नेकपा एमाले बनेपछि उक्त दलको उपाध्यक्षसमेत भएका र पटक-पटक सोही दलबाट चुनाव जितेर उपप्रधान तथा गृह र रक्षासँगै पर्यटनमन्त्री भएको अनुभव उनीसँग छ । उनकै भनाइलाई आधार मान्ने हो भने सुदूरपश्चिममा नेकपा एमालेको संगठन विस्तार गर्ने नेताको श्रेय उनैलाई जान्छ । तर, पार्टीबाट हटाएपछि रावलले कम्युनिस्ट विचारधारा पनि मन र मस्तिष्कबाट हटाउने भएका छन् ।

यसअघि २०७२ को असोज ३ गते संविधान जारी भएपछि डा. बाबुराम भट्टराई माओवादी पार्टी छाडेर अलग भए । त्यसबेलै उनले माओवादमात्रै होइन, वामपन्थ नै त्यागे । तर, समाजवादलाई भने उनले अँगाले । डा. भट्टराईले चार दशक लामो समय कम्युनिस्ट राजनीति गरेका थिए । जीवनको जोखिम रहेको १० वर्ष सशस्त्र युद्धको नेतृत्वमा रहे । तत्कालीन युद्धको एउटा पक्ष माओवादीको तर्फबाट वार्ता समिति संयोजक पटक-पटक भएर नेपालको शान्ति प्रक्रियामा महत्त्वपूर्ण योगदान दिए । गणतन्त्र नेपालको चौथो (पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाल)पछि प्रधानमन्त्री भए । सामाजिक न्यायको क्षेत्रमा काम गर्ने प्रयास गरे । उनै पूर्वप्रधानमन्त्री डा. भट्टराईले राजनीतिक जीवनको झण्डै आधा शताब्दीपछि भने विचार परिवर्तन गरे ।

हजारौं श्रमजीवी र मजदुर वर्गलाई माओवादी युद्धमा समाहित गराएका उनले अन्ततः वामपन्थ त्यागे । यद्यपि, समाजवाद स्थापनाको मार्गका भने उनी भरपर्दा यात्री देखिएका छन् ।

उनीभन्दा अघि वामपन्थ त्याग्ने नेता थिए, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव । यादवले २०६३ को अन्तरिम संविधानमा संघीयता शब्द उल्लेख नगरिएपछि तराई मधेसमा मधेसी जनअधिकार फोरम गठन गरेर आन्दोलन गरे । पहिले एमाले र पछि माओवादी राजनीति गरेर कम्युनिस्ट कित्तामा उभिएका यादव २०६३ पछि विचार परिवर्तन गरेर अघि बढे । उनले पनि समाजवादलाई अन्तिम लक्ष्य बनाएका छन् । राजनीतिक विश्लेषक भीम भुर्तेलका अनुसार त्यसअघि ३० को दशकतिर डा. केशरजंग रायमाझीले पनि वामपन्थ त्यागे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीका श्रमिक

# श्रम स्वीकृतिको बाध्यताले योगदानकर्ता बढे तर नियमित छैनन्

■ ममता थापा




- वैदेशिक रोजगारतर्फको योगदानकर्ता साढे १३ लाख पुग्यो
- कूल योगदानकर्तामध्ये वैदेशिक रोजगारको हिस्सा ७० प्रतिशतभन्दा बढी
- नियमित योगदान गर्नेको संख्या करिब एक लाखमा सीमित
- नीतिगत सुधार गरेर नियमित गराउने तयारीमा श्रम मन्त्रालय
- एनआरएनएसँग सहकार्य गर्ने श्रममन्त्री शरतसिंह भण्डारीको प्रतिबद्धता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिक सामाजिक सुरक्षा कोषमा जोडिने क्रम बढे पनि नियमित योगदानकर्ता न्यून देखिएको छ । विदेशमा रहेका सबै श्रमिकलाई कोषमा जोड्ने सरकारको अभियान पनि तथ्यांकमा कमजोर देखिएको छ । बाध्यतावस कोषमा जोडिने तर नियमित योगदान नगर्नेको संख्या ठूलो हुनु चुनौतीको विषय भएको कोषका अधिकारीहरू बताउँछन् ।

सरकारले वैदेशिक रोजगारीमा जाने कामदारलाई अनिवार्य कोषमा आबद्ध गराउन थालेयता करिब साढे १३ लाख श्रमिक जोडिएका छन् । कोषको शुक्रबारसम्मको तथ्यांकअनुसार १३ लाख ४९ हजार ९९८ वैदेशिक रोजगारतर्फका श्रमिक कोषमा आबद्ध भएका छन् । यो संख्या कोषमा जोडिएका कूल योगदानकर्ताको ७० प्रतिशतभन्दा बढी हो । तथ्यांकअनुसार शुक्रबारसम्म कोषमा आबद्ध कूल योगदानकर्ताको संख्या १९ लाख तीन हजार ३७४ पुगेको छ । यो तथ्यांकले कोषमा वैदेशिक रोजगारतर्फको योगदानकर्ताकै बाहुल्यता रहेको देखाउँछ ।

श्रम स्वीकृति लिँदा अनिवार्य कोषमा आबद्ध हुनुपर्ने व्यवस्था लागू भएसँगै वैदेशिक रोजगारीमा जाने श्रमिक योगदानकर्ताको संख्या ह्वात्तै बढेको हो । सरकारले २०७९ चैत ८ गतेबाट यो व्यवस्था लागू गरेको थियो । यसरी श्रम स्वीकृति लिन कोषमा आबद्ध हुनेको संख्या बढे पनि नियमित योगदान गर्ने कामदार न्यून देखिन्छ । कोषले दिएको जानकारीअनुसार वैदेशिक रोजगारमा गएपछि नियमित योगदान गर्नेको संख्या एक लाख हाराहारीमात्रै छ ।

कोषका गुनासो सुन्ने अधिकारी प्रेमबहादुर महत योगदानकर्ताहरूको अनियमितता फरक-फरक प्रकारको हुने भएकाले यसको यकीन विवरण नभएको बताउँछन् । श्रम स्वीकृति लिँदा आबद्ध हुनेबाहेक विदेशबाट स्वेच्छिकरूपमा कोषमा जोडिएकाको संख्या करिब पाँच हजारमात्रै रहेको उनले जानकारी दिए ।

### किन नियमित छैनन् योगदानकर्ता

कोषका अनुसार नियमित योगदानकर्ताको संख्या कम हुनुको पछाडि विभिन्न कारणहरू छन् । हाल वैदेशिक रोगजारीका लागि वैधानिकरूपमा विश्वका १११ देशमा जान सकिन्छ । तर रोजगारीको ठूलो हिस्सा खाडी मुलुकले धानेको छ । कोषका गुनासो सुन्ने अधिकारी महतका अनुसार यी मुलुकमा जाने अधिकांश युवाहरू प्रविधिमैत्री हुन नसकेका कारण कोषमा नियमित गराउन चुनौती बनेको छ । कोषमा आबद्ध हुन अनलाइन फाराम भर्नुपर्ने र योगदान रकम पनि अनलाइनमार्फत जम्मा गर्नुपर्ने भएकाले मोबाइल एप्स राम्रोसँग प्रयोग गर्न नसक्नेहरूलाई समस्या पर्ने गरेको उनको भनाइ छ । पछिल्लो समय सरकारले यसलाई बाध्यकारी बनाएको त छ तर यसमा आबद्ध किन हुने भन्ने कुरा बुझाउन नसक्दा यसलाई झन्झटका रूपमा लिनेहरू पनि छन् ।

क्रमशः पृष्ठ २ मा




# विष्णुभक्त रंगकर्मी पुरस्कार कृष्णभक्तलाई




**काठमाडौं (प्रस)–** विष्णुभक्त-तारादेवी गुठीले वरिष्ठ रंगकर्मी तथा कलाकार विष्णुभक्त फुँयालको नाममा स्थापित 'विष्णुभक्त रंगकर्मी पुरस्कार-२०८१' कलाकार एवं नाटंगकर्मी कृष्णभक्त महर्जन र तारादेवी छात्रवृत्ति स्यानलिना श्रेष्ठलाई प्रदान गरेको छ ।

विष्णुभक्तको आठौं स्मृति दिवसका अवसरमा गुठीले विशेष कार्यक्रम आयोजना गरी पुरस्कार र छात्रवृत्ति प्रदान गरेको हो । कार्यक्रममा पुरस्कार छनोट समितिका संयोजक वैकुण्ठ भण्डारीले तीन दशकभन्दा बढी नेपाली रंगमञ्च तथा अभियान क्षेत्रमा क्रियाशील रहेका महर्जनलाई यस वर्ष २५ हजार नगदसहित सम्मान गरिएको बताए ।

त्यस्तै तारादेवी छात्रवृत्ति छनोट समितिकी संयोजक गुजेश्वरी श्रेष्ठले हरेक वर्ष गुठीले विपन्न वर्गका विद्यार्थीहरूलाई ११ र १२ कक्षाका लागि दिँदै आएको र यो वर्ष सुपले स्यानलिना श्रेष्ठलाई छनोट गरिएको जानकारी दिइन् ।

कार्यक्रममा गुठीका अध्यक्ष विमल फुँयालले आफ्ना पिताले २०१९ सालमा पहिलोपटक दिल्लीबाट फर्केपछि नेवारी नाटकमा अभिनय गरेको स्मरण गर्दै श्रम र शिक्षाको क्षेत्रमा नाटकमा माध्यमबाट नागरिकलाई उत्प्रेरणा जगाउने काममा सक्रिय रहेको बताए ।

कार्यक्रम संयोजक डा. कमल फुँयालले यसअघि कलाकारहरू राजेन्द्र गड्तौला, लक्ष्मणसिंह बस्नेत, रमेश केसी मट्टारे, रामचन्द्र अधिकारी, पल्पसा डंगोल र लक्ष्मी गिरीलाई सो पुरस्कार प्रदान गरिएको जानकारी दिए । २०७३ साल पुस १९ गते सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरले आयोजना गरेको नाटक 'महर्षी यज्ञबल्क्य' मा राजा जनकको भूमिकामा अभिनय गर्दा गर्दैको अवस्थामा निधन भएको थियो ।

## पृष्ठ १ बाट क्रमशः

### वामपन्थ त्याग्नेहरू...

पञ्चायतलाई समर्थन गर्दै उनी दरबार पसे । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठसँगै तुलसीलाल अमात्य, मनमोहन अधिकारीलगायत नेताको हाराहारीमा रायमाझी थिए । तर, उनले विचार परिवर्तन गरेर राजानिकट भएको भुर्तेल बताउँछन् ।

पूर्वप्रधानमन्त्री डा. तुलसी गिरी पनि राजनीतिक जीवनको प्रारम्भमा कम्युनिस्ट राजनीतिमा क्रियाशील थिए । तर, १ पुस २०१७ सालमा राजनीतिक परिवर्तन (कू) हुँदा उनी राजा महेन्द्रको सल्लाहकार थिए । त्यस दिनको घटनासँगै उनी पनि वामपन्थ त्यागेर पञ्चायततिर लागेको इतिहास छ । उसो त पूर्वप्रधानमन्त्री तथा कांग्रेसका पूर्वसभापति गिरिजाप्रसाद कोइराला पनि राजनीतिक जीवनको सुरुमा कम्युनिस्ट थिए । अन्ततः उनले पनि राजनीतिक विचार परिवर्तन गरे । उनी नेपाली कांग्रेसको राजनीतिमा क्रियाशील भए ।

राजनीतिक विश्लेषक कृष्ण पोखरेल कोहीले अवसर त कोहीले पार्टीबाट किनाराकृत हुँदा विचार परिवर्तन गर्ने गरेको पाइएको बताउँछन् । 'पञ्चायती व्यवस्था हुँदासम्म दरबारसँग नजिक हुने र राजनीतिक शक्ति र अवसर दुवै प्राप्तिका लागि विचार परिवर्तन गर्ने प्रचलन थियो तर आजकालचाहिँ पार्टीबाट किनाराकृत हुँदा विचार परिवर्तन गर्ने चलन नै देखियो,' उनले भने ।

उनका अनुसार यसरी लामो समय एउटा विचार बोकेर जनतालाई प्रभावित पार्ने तर अन्तिममा त्याग्नुले त्यस्ता राजनीतिक नेतृत्व कति वैचारिक इमान्दारी भन्ने प्रश्न उठेको छ ।

■■■

### एमाले र माओवादीको ...

माओवादीले वर्तमान सरकारको कार्यसञ्चालनको भण्डाफोर गर्ने, संविधान संशोधनको विषयमा आफ्नो एजेन्डालाई जोडका साथ उठाउने तयारी गरेको छ ।

यसैगरी माओवादीले प्रतिनिधिसभाको बैठक बोलाउन माग गर्नुका साथै विगतमा सरकारमा सहभागी हुँदा नेपाली कांग्रेस र नेकपा एमालेसँग भए गरेका सम्झौता र गल्तीहरूको समीक्षासमेत गर्ने तयारी गरेको छ । यसैगरी मधेसवादी दलहरूसँग विभिन्न विषयमा मिलनबिन्दु खोजेर कार्यगत एकता गर्ने मुद्दामा पनि छलफल गर्ने पार्टीका प्रवक्ता सापकोटाले बताए ।

त्यसैगरी माओवादीले सरकार एकपक्षीय ढंगले अघि बढेको विषयमा पनि आवाज उठाउने तयारी गरेको छ । नेपाल विद्युत् प्राधिकरणमा राम्रो काम गर्दागर्दै कुलमान घिसिङलाई हटाउन सरकार लागिपरेको भन्दै माओवादीले विरोध जनाइरहेको छ । यसैगरी सहकारी प्रकरणमा सत्तापक्षका नेताहरूलाई जोगाउने तर विपक्षीलाई पक्राउ गर्ने सरकारको नीति ठीक नरहेको माओवादीको भनाइ छ । यस विषयमा बैठकमा नेताहरूबाट रायसमेत लिने सापकोटाले बताए ।

'बद्नीयतपूर्ण के भइरहेको छ भने अरुकालाई चाहिँ छानीछानी कारबाही गर्ने, छानीछानी पक्रने, आफ्नालाई चाहिँ जोगाउने,' प्रवक्ता सापकोटा भन्छन्, 'नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ सीधै सहकारी ठगीमा जोडिएको कुरा छ, कारबाही नै छैन । एमालेका सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेललाई पनि संरक्षण गरिरहेको छ ।' यही विषय साझा धारणा बनाउने र राजनीतिक प्रतिवेदनमा समेटिने उनले बताए ।

यसैगरी माओवादीले पार्टीलाई बलियो बनाउने विषयमा विशेष जोड दिने तयारी गरेको छ । मंसिर १६ मा सम्पन्न स्थानीय तह उपनिर्वाचनको परिणामबाट माओवादी हौसिएको देखिन्छ ।

■■■

### श्रम स्वीकृतिको...

यसबाट भविष्यमा हुने फाइदा के हो भन्ने थाहा नहुँदा कोषमा आबद्ध भएका १२ लाखभन्दा बढीले नियमित योगदान गरेका छैनन् । त्यस्तै, नियम कानुनले यसको नियमन गर्न नसक्दा अनियमित हुनेको संख्या बढ्न पुगेको महतले बताए ।

#### कोषलाई प्रभावकारी बनाउन सुधारको तयारी

कोषमा नियमित योगदानकर्ता न्यून हुँदा यसको प्रभावकारितामाथि नै प्रश्न उठ्न थालेको छ । यसैकारण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसमा आवश्यक सुधारका लागि काम गरिरहेको जनाएको छ । 'सम्पूर्ण सेवालाई डिजटलाइज्ड गरिएको छ । यसका उपयोगिताका विषयमा भिडियो कन्टेन्टहरू तयार गरेर आम नागरिकसम्म पुऱ्याउने, साथसाथै कानुनको आवश्यक संशोधन गर्ने काम भइरहेको छ,' महतले भने । यद्यपि, पर्याप्त बजेट नहुँदा विभिन्न देशमा पुगेर यसको उपयोगिताका विषयमा कार्यक्रमहरू गर्न भने नसकिएको उनी स्वीकार्छन् ।

#### एनआरएनएसँग सहकार्य गर्ने श्रममन्त्रीको प्रतिबद्धता

यसैबीच गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. बद्री केसीले वैदेशिक रोजगारीमा रहेकालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन गैरआवासीय नेपाली संघसँग संयुक्त कार्यक्रम तय गर्न श्रममन्त्री शरतसिंह भण्डारीसँग आग्रह गरेका छन् । मन्त्री भण्डारीसँग शुक्रबार भएको भेटमा उनले उक्त प्रस्ताव गरेका हुन् ।

जवाफमा मन्त्री भण्डारीले बढीभन्दा बढी श्रमिक तथा स्वरोजगारकर्तालाई कोषमा आबद्ध गराउन सरकारले परिमार्जनसहितको योजना बनाइरहेको बताए । त्यसमा एनआरएनएसँग पनि सहकार्य गर्ने उनले प्रतिबद्धता जनाए ।

#### सुरक्षा कोषका के-के छन् फाइदा ?

कोष श्रमिककै हक हितका लागि स्थापना गरिएकाले, यसमा आबद्ध हुँदा श्रमिकहरूले धेरै फाइदा लिन सक्छन् । योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धअवस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ ।

योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ । यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ ।

कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइने व्यवस्था गरिएको कोषले जनाएको छ । रकम जम्मा गर्न अनलाइन भुक्तानी च्यानलहरू कनेक्ट आइपिएस, खल्ती, इसेवा, फोनपेलगायत माध्यम प्रयोग गर्न सकिने पनि जानकारी दिइएको छ ।

#### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए सुविधाबाट वञ्चित हुने कोषले जानकारी दिएको छ । कोषअन्तर्गतका विभिन्न योजनामध्ये स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्ने कोषका गुनासो सुन्ने अधिकारी महतले बताए ।

■■■


एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/०९/२१

यस बैंकको निक्षेपकर्ता श्री भक्ती प्रसाद दाहालको पत्नी, श्री ओम चन्द्र अधिकारीको छोरी, ताप्लेजुङ्ग जिल्ला, म्याल्ङ्ग नगर पन्चायत, वडा नं. ०६, (ना.प्र.प. अनुसार) घर भई हाल झापा जिल्ला, दमक न.पा, वडा नं. १६, कृष्ण मन्दिर बस्ने वर्ष ८२ को श्री गोमा देवी दाहाल (ना.प्र.नं. ५३१६, जि.प्र.का. ताप्लेजुङ्ग) को मिति २०८१/०३/०१ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको बुहारी श्रीमती रेखा सङग्रौलाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको बुहारी श्रीमती रेखा सङग्रौलाको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२१**

यस कम्पनी प्रा.लि.नं. २७२०५० मिति २०७८/०५/३१ मा दर्ता भएको **एम.जि. नेपाल रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनी **स्वारोजगार कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि. (प्रा.लि. नं २७२०५०)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रार कार्यालयको मिति २०८१/०९/१६ गतेको निर्णयअनुसार नाम परिवर्तन गरिएको व्यहोरा सबैका लागि जानकारी गराइन्छ ।



**भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा. लि.**
**पुर्नवास-०२, कञ्चनपुर**
**मूल्य सूची**

यस उद्योगबाट उत्पादित मोलासेस Rectified Spirit 660P प्रतिलिटर मूल्य रु १०५/- तथा Extra Neutral Alcohal 68OP (ENA) प्रतिलिटर मूल्य रु.११७/- ले मिति २०८१/०९/२१ देखि बिक्री गरिने भएकोले सबैको जानकारीको लागी यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशुल्क तथा मू.अ.कर समावेश गरिएको छैन ।



**मूल्य सूचीको सूचना !**

यस **रिलायन्स सुगर एण्ड केमिकल इण्डष्ट्रिज प्रा. लि.** बाट उत्पादित निम्न स्प्रीट तथा ई. एन. ए. मिति २०६१/०९/२१ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ. कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.१०५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.१२०/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं. २४, बारा



**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development office**
**Humla**

**Invitation for Bids**

**IFB No: 3-081/082**
**Date of First Publication: 2081/09/21 (05th Jan, 2025)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Humla invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/ Name of project | Estimated Amount with VAT (NRs.) | Bid Validity /Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1. | IDO/Humla/W/NCB/17/081-082 , Fabrication of steel parts and transportation up to road heads of Lige Suspended Bridge & Fabrication of steel parts and transportation up to road heads of Hungar khola Suspended Bridge | 36,04,235.44 | 90 Days/120 Days From Bid Opening Date | 95,000.00 | 3000.00 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
Name of the Bank: **Rastriya Banijya Bank** Revenue Account Number: **1000100200010000**
Name of Office: **Infrastructure Development Office Humla** Rajaswo Shirshak (revenue) Number: **14229**
Security Account Number: **4190100202030000**
Office Code Number: **3370164016**
3. Electronic bids must be submitted to the Infrastructure Development office , Humla electronically through PPMO website http://www.bolpatra.gov.np/egp **on or before 12:00 hrs *for NCB 2081/10/22.(4th Feb. 2025)*** Bids received after this deadline will be rejected.
4. The bids will be opened electronically at ***13:00 hours for NCB 2081/10/22.(4th Feb. 2025) in*** the presence of the bidders' representatives who choose to attend in Infrastructure Development Office, Humla.

**office cheif**



**Invitation for Bids**

**Belbari Municipality, Morang**

**Invitation for Bids No.: BM/MOR/W/NCB-13-2081/082**
**Date of publication: 05-01-2025**

1. Belbari Municipality, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of -Construction of Bahuni Bazzar Truss Tahara Nirman under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 2079699.84 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank:** Rastriya Banijya Bank Ltd.
**Name of Office:** Belbari Municipality, Morang
**Office Code no:** 801011304
**Office Account no:** 2430100301010002
**Rajaswa (revenue) Shirshak no.:** 14229
4. Pre-bid meeting shall be held at Belbari Municipality, Morang Belbari, Morang
Belbari Municipality, Morang
Koshi Pradesh
Nepal at 30-01-2025 12:00 hours.
5. electronic bids must be submitted to the office Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 04-02-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-02-2025 14:00 at the office of Belbari Municipality, Morang
Belbari, Morang
Belbari Municipality, Morang
Koshi Pradesh
Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 60000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# समय नपुगी जन्मिएका बच्चाको आँखामा जोखिम उच्च

■ बुनु थारू

**काठमाडौं–** ३२ सातामै जन्मिएका जुम्ल्याहा बच्चामध्ये एक जनामा आँखासम्बन्धी समस्या देखियो । चिकित्सकले ती बच्चाहरूलाई ४५ हप्ता नपुगुन्जेल 'फलोअप' गरिराखे । समयमै आँखा जाँच गराइएकाले समस्या जटिल हुन पाएन । हाल यी बच्चा तीन वर्षका भइसकेका छन् । यद्यपि आँखासम्बन्धी समस्या निको नभएकाले पावरवाला चश्मा लगाइरहेका छन् ।

त्यसैगरी सात महिनामै जन्मिएका एक बच्चाको पनि आँखामा समस्या देखियो । बच्चा उमेर छ महिना पुग्दै गर्दा आँखामा सेतो चिह्न देखिन थाल्यो । आँखामा जटिल समस्या देखिएपछि उपचारका लागि केही समय अस्पतालको सघन उपचार कक्षमा राखियो । तर आँखाको पर्दा उप्किसकेकाले बच्चा अन्धोपनको सिकार हुनुपर्‍यो ।

यी त प्रतिनिधि घटना हुन् । १० महिना नपुगी जन्मने बच्चामा आँखासम्बन्धी समस्या देखिने सम्भावना बढी भएको चिकित्सक बताउँछन् । बाल नेत्ररोग विशेषज्ञ डा. सिर्जना अधिकारीका अनुसार ती दुवै बच्चाको आँखामा देखिएको समस्या 'रेटिनोप्याथी अफ प्रिम्याचुरिटी' (आरओपी) हो । यो समस्या समय अगावै जन्मिएका नवजात शिशुहरूको आँखामा देखिन सक्छ । समयमै उपचार नगरिए अन्धोपनको सम्भावना भए पनि समयमै उपचार भयो भने निको पनि हुनसक्छ ।

डा. अधिकारी भन्छिन्, '९९ प्रतिशत आरओपीमा दुईवटै आँखामा समस्या गराउँछ । समयमा उपचार पाएन भने बच्चा दृष्टिविहीन हुनसक्छन् ।' यसको समस्या बढ्दै गएमा बच्चाको दृष्टि कमजोर हुने, आँखा घुम्ने, सेतो देखिनेलगायतका लक्षण देखिन सक्दछन् । 'अभिभावकले बच्चाले अनुहारमा हेरेको जस्तो लाग्दैन भनेर लिएर आउनुहुन्छ । तीन महिना भइसक्दा बच्चामा केही चिजहरू हेर्ने, पछ्याउने गर्छन् । तर आरओपीको समस्या भएका बच्चामा दृष्टि आउँदैन । पर्दा उप्किएर अगाडि आइसकेपछि सेतो देखिन्छ । अनुहार हेरेर नहाँस्ने, कुनै चिज दिँदा नहेर्ने, बत्तीतिर मात्र हेरेर टोलाउनेजस्ता लक्षण देखिन सक्छन् ।'

सामान्यतया बच्चा पेटमा ४० हप्तासम्म बस्छन् । 'आरओपी' को जोखिम भने समय अगावै जन्मिएका बच्चामा देखिन्छ । समय अगावै जन्मिएका, दुई केजीभन्दा कम तौल भएका बच्चामा यो समस्या देखिने गरेको रेटिना स्पेशलिस्ट डा. इली प्रधान बताउँछिन् ।

डा. प्रधानले एक महिनाभित्रै पहिचान गरी उपचार गर्न सकिएमा बच्चाको आँखा जोगिन सक्ने बताउँछिन् । 'छिट्टै पहिचान भयो भने यसको उपचार सम्भव छ । समय अगावै जन्मिने २० देखि २८ प्रतिशत बच्चामा आरओपीको प्रकोप देखिन्छ,' उनले भनिन् ।

बाल नेत्ररोग विशेषज्ञ डा. अधिकारीले सबैभन्दा महत्त्वपूर्ण विषय स्क्रिनिङ (पहिचान) भएको उल्लेख गर्दै समय अगावै जन्मिने बच्चाको एक महिनाभित्र अनिवार्य स्क्रिनिङ गर्नुपर्ने सुझाव दिइन् । उनले भनिन्, 'समय नपुगी जन्मिएका सबै बच्चाहरू यसको जोखिममा हुँदैनन् । सबैमा जटिल समस्या देखिन्छ भन्ने पनि हुँदैन । करिब सात/आठ प्रतिशतलाई भने उपचार चाहिन्छ । यसको उपचार सम्भव छ तर जतिबेला गरेर हुँदैन । चाहिने समयमा गर्नुपर्छ ।'

उक्त समस्याको उपचार सुई, लेजर प्रविधिद्वारा गरिन्छ । तिलगंगा आँखा प्रतिष्ठानमा महिनामा २० देखि २५ जनासम्म यसप्रकारको समस्या लिएर आउने गरेको अस्पतालको भनाइ छ । रेटिना स्पेसलिस्ट डा. प्रधान भन्छिन्, 'कतिपय बच्चा घरमै पनि जन्मिएका छन् भने पनि स्वास्थ्यकर्मीले एक महिनाभित्र आँखा जाँचका लागि सुझाव दिनुपर्छ । आँखाको जाँच भनेको चश्मा जाँचमात्र होइन, नानी फुलाएर हेर्नुपर्छ । समयमा हेरेर उपचार गर्न सकियो भने आँखा बचाउन सकिन्छ ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एक तथ्यांकअनुसार नेपालमा मात्रै वार्षिक आठ लाख १० हजार शिशु समयअघि नै जन्मिन्छन् । जसमध्ये चार हजार ३०० शिशुको पाँच वर्षको उमेर नपुग्दै मृत्यु हुन्छ ।

मन्त्रालयका अनुसार ३७ हप्ताभन्दा अघि जन्मिएका शिशुहरू जन्मने क्रममा कम तौल भए वा अक्सिजनको मात्रामा कमी देखिए आरओपीका लागि जोखिम उच्च रहने गरेको पाइएको छ । तर यो समस्याको समयमै पहिचान भए उपचार सम्भव छ । यसै कारणले शिशु जन्मिएको २८ दिनभित्र आँखारोग विशेषज्ञसँग परामर्श गर्न चिकित्सकले सल्लाह दिँदै आएका छन् ।

नवजात शिशुरोग विशेषज्ञ डा. सुनिल राजा मानन्धरका अनुसार यो समस्यासम्बन्धी पर्याप्त मात्रामा जनचेतना नपुग्दा अभिभावकहरू ढिलो अस्पताल आइपुग्छन् । उनी भन्छन्, 'सबैमा नभए पनि समय नपुगी जन्मिएका अधिकांश बच्चाहरूमा विभिन्न खालका संक्रमण र जोखिम हुन्छ । आँखाको जाँच अनिवार्य हो । हामी कहाँ अस्पताल ढिलो आइपुग्नुहुन्छ । एक महिनाभित्र आँखा जाँच गराए उपचार सम्भव छ ।' *रासस*

# सामुदायिक विद्यालयका शिक्षकको क्षमता विकास गर्दै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको शिक्षा विभागले जाडो बिदाका समयमा सामुदायिक विद्यालयका शिक्षकहरूलाई क्षमता विकाससम्बन्धी तालिममा सहभागी हुन आह्वान गरेको छ । 'टिचर कलेज कार्यक्रम'अन्तर्गत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरूलाई क्षमता विकाससम्बन्धी तालिम दिन लागिएको हो ।

तालिमका माध्यमबाट क्षमता विकास गराएर शिक्षकले प्राप्त गरेको योग्यतालाई विश्वविद्यालयबाट प्रमाणीकरण गराउने योजनाअन्तर्गत तालिम सञ्चालन गर्न लागिएको कामपाको सहरी योजना आयोगका सदस्य एवं इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए । सामुदायिक विद्यालयको नतिजा सुधार गर्न शिक्षकको क्षमता विकासमा लगानी गर्नुपर्ने भएकाले तालिम सञ्चालन गर्न लागिएको उनले बताए ।

झाका अनुसार शैक्षिक क्रियाकलापमा असर नहुनेगरी बिदाको समय उपयोग गर्न लागिएको हो । शिक्षकको क्षमता विकास गराएर शैक्षिक क्रियाकलापलाई सिर्जनात्मक, एकीकृत सीप र व्यवहारमा आधारित बनाउने लक्ष्य राखिएको बताउँदै यसको नतिजा विद्यार्थीहरूको शैक्षिक प्रमाणपत्र र व्यावहारिक सीपमा प्राप्त हुने उनले विश्वास व्यक्त गरे । यसअन्तर्गत पुस २१ र २२ गते कक्षा १० का गणित, विज्ञान, सामाजिक, नेपाली, अंग्रेजी, अर्थशास्त्र विषयका शिक्षकहरूलाई तालिम दिइने योजना आयोगका सदस्य झाले जानकारी दिए । उनका अनुसार पुस २३ देखि माघ ७ गतेसम्म कक्षा १० का इच्छुक विद्यार्थीका लागि गणित, सामाजिक, विज्ञान, अर्थशास्त्रलगायत विषयमा सिकाइ कक्षा सञ्चालन हुने छन् ।

एसइई लक्षित सिकाइमा अवस्थाअनुसार विद्यार्थीको वर्गीकरण गरिनेछ । सिकाइ सहयोग, प्रविधिमार्फत सिकाइ, शिक्षण प्रबन्ध प्रणालीको उपयोग, समूहगत सिकाइ, परियोजना कार्यमा आधारित सिकाइ कक्षाका ढाँचा हुने कामपाको सहरी योजना आयोगले जनाएको छ । पुस २३ देखि २८ गतेसम्म प्रारम्भिक बाल विकास शिक्षाका सहजकर्ताहरूको तालिम हुने छ ।

यही पुस २४ देखि माघ ४ गतेसम्म पुस्तकरहित शुक्रबारका सिर्जनात्मक सिकाइ र शिक्षामा सीप कार्यक्रमसँग सम्बन्धित सम्पर्क (फोकल) शिक्षकहरूका तालिम हुने छन् । पाठ्यक्रममा सहभागितामूलक प्रतिबिम्बन, सञ्चालन मार्गदर्शन प्रतिबिम्बन, प्राविधिक क्षमता अभिवृद्धि तालिमका विधि हुने योजना आयोगका इञ्जिनियर झाले बताए ।

आगामी माघ ५ देखि ७ गतेसम्म शिक्षकका लागि मनोसामाजिक परामर्श र 'क्यारियर गाइड म्यापिङ' तालिम हुने छ । माघ २ देखि ७ गतेसम्म कक्षा १ देखि ३ सम्मका शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम तथा निर्माणात्मक मूल्यांकनसम्बन्धी तालिम हुने छन् ।

रचनात्मक विद्यालय विकास कार्यक्रमको खेलकुद प्रशिक्षण कार्यक्रम भने पुस २४ देखि माघ ८ गतेसम्म हुने छ । सामुदायिक विद्यालयमा यही पुस १८ गते सुरु भएको बिदा माघ ८ गतेसम्म रहने छ । यस अवधिलाई शैक्षिक सत्र २०८१ को कार्ययोजनाअनुसार पढाइमा असर नहुने गरी खेलकुदका कार्यक्रम पनि हुने कामपाको सहरी योजना आयोगले जनाएको छ ।


## बुद्धशान्ति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बुधबारे, झापा**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

**(प्रकाशित मिति २०८१/०९/२१)**

यस कार्यालयबाट मिति २०८१।०७।१५ गते सुचना प्रकाशित गरी बोलपत्र आव्हान गरिएकोमा प्राप्त बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरूको प्रविधिक प्रस्ताव मुल्यांकन गर्दा तपशिलका निर्माण व्यवसायीहरु प्रभावग्राही देखिएकाले बुद्धशान्ति गाउँपालकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३७(५) बमोजिम तपशिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने जानकारी सहितको व्यहोरा अनुरोध छ ।

**तपशिलः**

| खरिद नं. र नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नाम | आर्थिक प्रस्ताव खोलिने मिति र समय |
|---|---|---|
| 07-BRM/WORKS/081/82, (Upgrading Work of Different Roads, Tourism, Religious & Public Areas of Buddhashanti Rural Municipality) | १. जलेश्वर- निभिल जे. भि., अर्जुनधारा -५, झापा<br>२. युनिक कन्स्ट्रक्सन इटहरी -१, सुनसरी | २०८१/०९/२८ दिनको १२:०० बजे बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, बुधबारे, झापा |

**प्रमुख प्रशासकीय अधिकृत**


# प्रदेश सिमानामा चेकपोस्ट निर्माण गर्दै बागमती प्रदेश

**मकवानपुर (प्रस)–** बागमती प्रदेश सरकारले आफ्नो सीमा प्रवेश गर्ने नाकामा अत्याधुनिक 'चेकपोस्ट' निर्माण गर्ने भएको छ । पहिलो चरणमा मधेस प्रदेशसँग सीमा जोडिएको मुख्य प्रवेशबिन्दु पूर्व-पश्चिम राजमार्गको रातोमाटेमा 'चेकपोस्ट' निर्माण गरिएको हो ।

शुक्रबार हेटौंडा-१४ स्थित रातोमाटेमा मुख्यमन्त्री बहादुरसिंह लामा, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, मन्त्रालयका सचिव पूर्णबहादुर दर्जी, सुरक्षाप्रमुखहरूले 'चेकपोस्ट' निर्माणस्थलको अनुगमन गरेका छन् । मुख्यमन्त्री लामाले स्थानीय तहसँग समन्वय गरेर 'चेकपोस्ट' निर्माण गरिने जानकारी दिए ।

पूर्व-पश्चिम राजमार्गको प्रवेशबिन्दु भएका कारण पनि रातोमाटे नाका बढी संवेदनशील रहेका कारण पहिलो चरणमा रातोमाटेमा अत्याधुनिक 'चेकपोस्ट' निर्माण गर्न लागिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए ।

दोस्रो चरणमा चितवनको मुग्लिनमा, तेस्रो चरणमा सिन्धुलीको नागथान, रसुवाको रसुवागढी, सिन्धुपाल्चोकको कोदारी र दोलखाको लामाबगरमा 'चेकपोस्ट' निर्माण गर्न लागेको बताइएको छ । 'चेकपोस्ट'मा सवारीसाधानको चेकिङका लागि अत्याधुनिक मेसिनसहित सिसी क्यामरा र सुरक्षाकर्मी परिचालन गर्ने योजना प्रदेश सरकारको छ ।


## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सबैला, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दर भाउपत्र आव्हानको १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/२१ गते**

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पोखरीहरु बाट आन्तरिक आयसंकलन प्रयोजनार्थ सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्तहरूको अधिनमा रहि मिति २०८१/१०/०७ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कवुल अंकको १०% (दशप्रतिशत) रकम सबैला नगरपालिका स्थित एन. आई. सी. एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रू १०।- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगरकार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहोला र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८१/१०/०७ गते दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजकोप्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहे पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन २०८१/१०/०६ गते भित्र रू १०००।- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ । दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण-पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रूपले दिनु पर्ने छ ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा बर्ष ३ (तिन) को हुनेछ ।
३. तल उल्लेखित पोखरीहरूको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ । नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ ।

| आय ठेक्का नं. | पोखरीको नाम | पोखरी रहेको स्थान | ३ (तिन) बर्षको न्यूनतम मोल मू. अ. कर सहति | ठेक्काको किसिम |
|---|---|---|---|---|
| ३/०८१/०८२ | पोखरी नं. २ दुर्योधन पोखरी | सबैला न. पा. ४ पटेर्वा | रू २५५,०००।- | पोखरी ठेक्का |
| ४/०८१/०८२ | पोखरी नं. ४ कोठिया सडक देखी दक्षिण पोखरी | सबैला न. पा ४ पटेर्वा | रू १,५५,०००।- | पोखरी ठेक्का |
| ५/०८१/०८२ | पोखरी नं. ५ कोठिया सडक छेव वाला पोखरी | सबैला न. पा. ४ पटेर्वा | रू १,४५,०००।- | पोखरी ठेक्का |
| ६/०८१/०८२ | दह पोखरी नं. १ | सबैला न. पा. ४ पटेर्वा | रू २३५,०००।- | पोखरी ठेक्का |
| ७/०८१/०८२ | दह पोखरी नं. २ | सबैला न. पा. ४ पटेर्वा | रू २,२५,०००।- | पोखरी ठेक्का |
| ८/०८१/०८२ | दह पोखरी नं. ३ | सबैला न. पा. ४ पटेर्वा | रू २,०५,०००।- | पोखरी ठेक्का |
| ९/०८१/०८२ | दह पोखरी नं. ४ | सबैला न. पा. ४ पटेर्वा | रू १,०५,०००।- | पोखरी ठेक्का |
| १०/०८१/०८२ | दह पोखरी नं. ५ | सबैला न. पा. ४ पटेर्वा | रू १,५५,०००।- | पोखरी ठेक्का |
| ११/०८१/०८२ | नवटोली पोखरी | सबैला न. पा. ७ नवटोली | रू १०,११,०००।- | पोखरी ठेक्का |
| १२/०८१/०८२ | गोपाल पोखरी सबैला ११ ईनर्वा | सबैला न. पा. ११ ईनर्वा | रू ६,५०,०००।- | पोखरी ठेक्का |
| १३/०८१/०८२ | विष्णु बाँध र डोरा पोखरी | सबैला न. पा. ९ भठिहनरू | १०,११०००।- | पोखरी ठेक्का |
| १४/०८१/०८२ | निम पोखरी ईनर्वा | सबैला न. पा. ११ इनर्वा | रू ३,००,०००।- | पोखरी ठेक्का |
| १५/०८१/०८२ | मसोमात पोखरी ईनर्वा | सबैला न. पा. ११ इनवा | रू २,१०,०००।- | पोखरी ठेक्का |
| १६/०८१/०८२ | धोवयाही पोखरी (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. १० खरिहानी | रू १०,००,०००।- | पोखरी ठेक्का |
| १७/०८१/०८२ | गेरूवाही पोखरी (ठेकेदार स्वयमले सरसफाई तथा पोखरी खन्ने कार्य गर्नु पर्ने ।) | सबैला न. पा. १० खरिहानी | रू ६,००,०००।- | पोखरी ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।
६. न.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न. पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन् ।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरूपले पालन गर्नु पर्नेछ ।
८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदार स्वयंले नै तिर्नु पर्नेछ ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ ।
११. हालको अवस्थामा रहेका पोखरीहरूको आकार र स्वरूपमा न. पा. को स्वीकृती विना परिवर्तन गर्न पाइने छैन् ।
१२. पोखरीको क्षेत्रभित्र बिक्री गर्ने माछा, मासु, अण्डा, आदिबाट, निस्केको आन्द्रा भुडि, रौँ आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ ।
१३. नगरपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन ।
१४. किस्ताको हकमा बार्षिक किस्ता हुनेछ । ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, अर्को दोस्रो किस्ता ३० प्रतिशत रकम २०८२ अषाढ महिनाको २० गतेभित्र बुझाउनु पर्नेछ तथा अन्तिम किस्ता बाँकी ३० प्रतिशत रकम मिति २०८३ अषढ महिना को २० गते भित्र बुझाउनु पर्ने छ । नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ ।
१५. ठेक्का सदर भएको ७ (सात) दिनभित्र पहिलो किस्ता बुझाई सके पछी चलनपुर्जी दिईनेछ । सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ ।
१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ ।
१८. यस सूचनामा उल्लेखित नभएका शर्तहरूको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।
१९. यस सम्बन्धी अन्यकुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ ।
२०. किस्ता वापतको रकम श्री NIC ASIA BANK LTD. खाता नं. ग. १.१ ०३१२०५००३९४५९००१ मा जम्मा गर्नु पर्ने छ । खाता वलाको नाम आन्तरिक राजश्व खाता सबैला नगरपालिका रहेको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## संसद्‌लाई बन्धक बनाइराख्ने कहिलेसम्म ?

यतिबेला देशको अर्थतन्त्र डामाडोल छ । सहकारी प्रकरणका कारण बैंकहरूमा आर्थिक तरलता बढेको छ । घरजग्गा व्यवसायदेखि अन्य व्यवसाय ठप्प छ । बेरोजगारी बढ्दा युवाहरू देश छाड्ने क्रम पनि उस्तै छ । सरकार भने यी विषयमा आँखा चिम्लेर बसेको देखिन्छ । कान बन्द गरेर बसेको देखिन्छ । यस्तो बेलामा जनताको प्रतिनिधि जहाँ जनताको आवाज बुलन्द पारिन्छ, यो संस्था प्रतिनिधिसभा भने बन्धक बनाइएको छ ।

प्रतिनिधिसभाका सभामुख कहाँ छन् ? केही थाहा छैन । उपसभामुख कहाँ छिन् ? केही थाहा छैन । देशको कूटनीतिक अवस्था बिग्रँदा आवाज उठाउनुपर्ने सदन बन्द गरिराखिएको छ । साधारणतया मंसिरभित्र हिउँदे अधिवेशन सुरु हुनुपर्ने हो । अहिले दुई ठूला दल मिलेर सरकार सञ्चालन गरिरहेको छ । सदन विपक्षीको मानिन्छ । अहिलेको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र हो । राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी पनि विपक्षी दल हुन् । रास्वपाका सभापति रवि लामिछाने पक्राउ पर्नुअघि नै विपक्षी दलका नेता पुष्पकमल दाहालले त्यस्तै परे सदनको विशेष अधिवेशन बोलाउने दाबी गरेका थिए ।

तर यतिको समय बित्दा पनि दाहालले साधारण अधिवेशन बोलाउनसमेत कञ्जुस्याइँ गरिराखेका छन् । बाहिर सरकारको विरोध गरे पनि सदन बोलाउन विपक्षी दलका नेताहरूसमेत तयार छैनन् । यसले सरकारलाई झनै हाइसञ्चो भएको देखिन्छ । विपक्षी दलको यस्तो प्रवृत्ति देखेर होला, सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्री केपी शर्मा ओलीले सहकारीसम्बन्धी अध्यादेश त ल्याइसके । अझै पनि उनी दल फुटाउने अध्यादेश ल्याउने तयारीमा छन् । यसरी सदन छलेर धमाधम अध्यादेश ल्याउँदा उनै ओली कुनै बेला विवादमा तानिएका थिए ।

आफू अनुकूल नहुँदा ओलीले सदन नै भंग गरिदिएका थिए । यस्तो अवस्था आउन नदिनका लागि नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक दलका नेताले पनि सदन खुलाउन पहल गरिदिनुपर्ने हो । तर सरकारमा आफैं भएको बेला कांग्रेस पनि के कम ? कम्तीमा यो बेला माओवादीले प्रतिनिधिसभा माग गर्नैपर्छ । जनताको जल्दाबल्दा विषयमा जनताका प्रतिनिधिले बोल्न पाउनैपर्छ । सरकारका पछिल्ला कमीकमजोरी र गल्ती औंल्याएर सजग बनाउने थलो सदन नै हो । सदनप्रति उत्तरदायी र जवाफदेही बनाउने काममा ढिलाइ नगर ।

## मननयोग्य

### चाणक्य नीति

भगवान् बुद्धले भन्नुभयो- 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ ।' भगवान् बुद्धद्वारा भनिएको भयको वातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । अजातशत्रुका छोरा उदयनले गंगा र क्षोण नदीको किनारामा पाटलीपुत्र (पटना) नामक सहरको स्थापना गरे । वास्तुकलाका पारंगत पं. महागोविन्दद्वारा पाटलीपुत्रलाई मगधको नयाँ राजधानी बनाइयो । यसै पाटलीपुत्रको बनाइएको मगधको साविकको राजधानी राजगिरीलाई छाडेर नवनिर्मित राजसिंहासनमा बस्ने नन्दवंशका प्रथम शासक महापद्म नन्दले एउटा विशाल साम्राज्यको स्थापना गरे । यही मगध साम्राज्य नन्देवंशका अन्तिम राजा धनानन्दको हातमा पर्‍यो । यसै प्रसंगलाई इतिहासले चाणक्य प्रादुर्भाव हुनुभन्दा लगत्तै पहिलेको अवस्थालाई इंगित गरेको पनि छ ।

इतिहासका धेरै पन्नाहरू पल्टाएपछि केही हजार वर्ष पहिलेको यो आर्यावर्त भौगोलिक रूपले हिमालयदेखि द्रविडसम्म र गान्धारदेखि ब्राह्मदेशसम्मको विशाल क्षेत्र भए पनि स-साना राज्यमा टुक्रिएको अवस्थामा रहेको थियो ।

यही आर्यावर्तमा एउटा शक्तिशाली एवम् वैभव-सम्पन्न राज्य छ, मगध । मगधको एक सीमावर्ती सहरमा रहेको एक साधारण घर जसलाई घर नभनेर आश्रम अथवा झुप्रो (झोपडी) भन्नु नै धेरै वेश होला । पक्की पर्खालमा खरका दुई कोठा, माटाले लिपीपोती सफा गरिएको आँगन, बीचमा एउटा जमुनाको रूख, रूखमुनि किलामा बाँधिएकी एउटी गाई आफ्नो बाच्छोसँग उभिएर घाँस खाइरहेकी । यसमा बस्छन् एक विद्वान्, तर दरिद्र ब्राह्मण आचार्य चणक ठूलो निधार त्यसमा लगाइएको चन्दनको त्रिपुण्डक, आँखा ठूलाठूला काँधदेखि नाभीसम्म झरेको जनै र शरीरमा एउटा मेखलाजस्तो वस्त्र जो धोतीका रूपमा लगाएका छन् । क्रमशः

# एआईको प्रयोगद्वारा जीवनको खोज



■ डा. परशुराम दाहाल

> युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ । नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन् । एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पुऱ्याउने छ । यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पुऱ्याउने छ ।

नासाले १४ अक्टोबर २०२४ मा जुपिटर (बृहस्पति) ग्रहको चन्द्रमा युरोपाको अध्ययन गर्न प्रक्षेपण गरेको युरोपा क्लिपर मिसन विज्ञान र प्रविधिको क्षेत्रमा माइलस्टोन बनेको छ । युरोपा क्लिपर जुपिटरको चन्द्रमा युरोपाको विस्तृत अध्ययन गर्न डिजाइन गरिएको पहिलो मिसन हो । वैज्ञानिक प्रमाणहरूका अनुसार अहिले पनि जीवनका लागि आवश्यक तत्त्वहरू युरोपामा हुन सक्छन् । यो अन्तरिक्ष यान छ वर्षपछि, अप्रिल २०३० मा १.८ अर्ब माइल (२.९ अर्ब किलोमिटर) यात्रा गरेर जुपिटरमा पुग्ने छ । त्यहाँ पुगेपछि, यो जुपिटरको परिक्रमा गर्दै युरोपाको ४९ पटक नजिकबाट उडान गरेर अध्ययन गर्ने छ ।

यस मिसनमा कृत्रिम बैद्धिकता (एआई) र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर जीवनको सम्भावना खोज्ने लक्ष्य राखिएको छ । एआई भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ । वैज्ञानिकहरूले यो मिसन केवल पृथ्वीबाहेक जीवनको खोजीका लागि मात्र नभई, भविष्यमा अन्य ग्रह र चन्द्रमाहरूमा अन्वेषण गर्ने योजनाहरूको मार्गप्रशस्त गर्ने विश्वास गरेका छन् । नासाको युरोपा क्लिपर मिसनको कूल अनुमानित लागत लगभग ५.२ अर्ब डलर रहेको छ । यसमा मिसनको विकासदेखि २०३० मा जुपिटरमा पुगेर चार वर्षसम्म सञ्चालन गर्ने सम्पूर्ण खर्च समावेश छ । मिसन अत्यन्त जटिल भएकाले, डिजाइन र विकीरण जस्ता चुनौतीका कारण बजेट बढ्दै गएको हो । यो नासाका सबैभन्दा महँगो ग्रह विज्ञान परियोजनाहरूमध्ये एक मानिन्छ ।

युरोपा क्लिपर मिसनमा एक हजारभन्दा बढी वैज्ञानिक र इञ्जिनियरहरू संलग्न थिए, जसमा एआई र ग्रह अनुसन्धानका विशेषज्ञहरू पनि समावेश थिए । यो मिसनको तयारी सन् २०१५ मा औपचारिकरूपमा सुरु गरिएको थियो र नौ वर्षको मिहेनतपछि १४ अक्टोबर २०२४ मा सफलतापूर्वक प्रक्षेपण गरियो । यस अवधिमा वैज्ञानिक टोलीले जटिल उपकरणहरू निर्माण र परीक्षण गर्दै, जुपिटरतर्फको यात्रा योजना र मार्गको विस्तृत तयारी गरे । मिसनले एआई प्रविधि प्रयोग गरेर डेटा प्रशोधन र नेभिगेसनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ, जसले जुपिटरको खतरनाक विकीरणबाट सुरक्षित उडान सुनिश्चित गर्छ ।

युरोपा क्लिपर अन्तरिक्षयानले हाइड्राजिन-आधारित इन्धन प्रयोग गर्छ । हाइड्राजिन अन्तरिक्षयात्राका लागि विश्वसनीय इन्धन हो, विशेषगरी गहिरो अन्तरिक्षमा यानको मार्ग परिवर्तन र नियन्त्रणका लागि । यो मिसनका लागि लगभग छ हजार पाउन्ड (दुई हजार ७५० किलोग्राम) इन्धन यानका ट्याांकहरूमा भण्डारण गरिएको छ, जसमा हिलियम प्रेसरन्ट पनि छ, जसले इन्धन प्रवाहलाई व्यवस्थापन गर्ने छ । यस इन्धनको मद्दतले युरोपा क्लिपरले मंगल र पृथ्वीबाट गुरुत्वीय सहायता लिँदै, जुपिटरको कक्षसम्मको यात्रा पूरा गर्ने छ । हाइड्राजिन थ्रस्टरहरूले मार्ग सुधार र मिसनका दौरान वैज्ञानिक उपकरणहरूको सही दिशामा नियन्त्रण गर्न मद्दत गर्ने छन् ।


युरोपा क्लिपर मिसनको एउटा प्रमुख लक्ष्य युरोपामा जीवनको सम्भावना खोज्नु हो । युरोपा, जुपिटरको मुख्य चन्द्रमाहरूमध्ये एक, सतहमुनि लुकेको नुनिलो महासागरले ढाकिएको छ । वैज्ञानिकहरूले यो महासागरमा पृथ्वीभन्दा बढी पानी रहेको अनुमान गरेका छन् । वैज्ञानिकहरूले जुपिटरको यस चन्द्रमामा बरफमुनि रहेको महासागरमा जीवनका लागि आवश्यक तत्त्वहरू- पानी, रासायनिक यौगिकहरू र ऊर्जा स्रोत-मौजूद हुनसक्ने अनुमान गरेका छन् । यो मिसनको उद्देश्य युरोपाको वातावरण अध्ययन गरी हाम्रो ब्रह्माण्डमा हामी एक्लै छौं कि छैनौं भन्ने प्रश्नको जवाफ खोज्नु पनि हो । यदि जीवनका लागि अनुकूल अवस्था फेला परेमा, यसले पृथ्वीबाहेक अन्य ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना पुष्टि गर्न मार्गप्रशस्त गर्ने छ । यो मिसनले मानव सभ्यताले ब्रह्माण्डमा आफ्नो स्थान र जीवनको अर्थबारेको बुझाइमा परिवर्तन ल्याउने आशा गरिएको छ ।

यस मिसनको मुख्य उपकरणहरूमा आइस-पेनेट्रेटिङ राडार, थर्मल इमेजिङ प्रणाली, र अल्ट्राभायोलेट स्पेक्ट्रोस्कोप समावेश छन् । यानले युरोपाको सतहमुनि लुकेको पानी र पानीका फोहोराहरूको खोजी गर्दै जीवनको संकेत अध्ययन गर्ने छ । एआई प्रणालीहरूले सतहका तस्बिरहरू र अन्य वैज्ञानिक डेटा विश्लेषण गरी महत्त्वपूर्ण सूचनाहरू छान्ने र स्वचालित रूपमा मिसनको मार्गदर्शन गर्ने छ ।

सौर्य ऊर्जा प्रयोग गर्ने यो यानमा १०० फिट लामो सोलार प्यानल जडान गरिएको छ, जसले जुपिटरको कमजोर घामबाट पनि पर्याप्त ऊर्जा संकलन गर्न मद्दत गर्ने छ । रेडिएसन-प्रतिरोधी प्रविधिको प्रयोग गरेर, यानका उपकरणहरूलाई जुपिटरको विकीरणबाट सुरक्षित राखिने छ ।

एआई प्रणालीहरूले मिसनमा संकलन गरिएको डेटा पृथ्वीमा पठाउनुअघि प्राथमिकता निर्धारण र संकुचन गर्ने छन्, जसले अनावश्यक जानकारी हटाएर वैज्ञानिकहरूले तुरुन्तै उपयोग गर्न मिल्ने महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकून् । यस प्रकारको कुशलता मानव अनुगमनविना पनि अन्तरिक्षमा अनुसन्धान गर्न सक्षम हुने छ । यो मिसनले भविष्यमा पृथ्वीबाहेकका ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना खोज्न थप प्रेरणा दिने छ । यदि युरोपामा जीवन पत्ता लाग्यो भने यो केवल विज्ञानको विजय नभई सम्पूर्ण मानव जातिका लागि ऐतिहासिक उपलब्धि हुने छ । एआई र अन्तरिक्ष प्रविधिको यस्तो प्रयोगले अन्तरिक्ष अन्वेषणको क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने छ ।

नेपालजस्तो देशका लागि, यस्तो एआई प्रविधि केवल प्रेरणाको स्रोत मात्र नभई देशको प्राविधिक विकासका लागि दिशानिर्देशक पनि हो । यो प्रविधि दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन, ग्रामीण क्षेत्रमा कृषिको उत्पादनशक्ति बढाउन र विपद् व्यवस्थापनका लागि भविष्यवाणी प्रणाली निर्माण गर्न प्रयोग गर्न सकिन्छ । एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धानमा मात्र नभई, जीवनस्तर सुधार्नका लागि पनि महत्त्वपूर्ण योगदान गर्न सक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । जिम्मेवार र सुरक्षितरूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउने छ ।



युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ । नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन् । एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पुऱ्याउने छ । यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पुऱ्याउने छ ।

युरोपा क्लिपर मिसन नासाको मात्र नभई सम्पूर्ण मानवताको अन्तरिक्ष यात्रामा एक महत्त्वपूर्ण कोसेढुंगा बन्ने छ । यो मिसनले विज्ञान र प्रविधिमा नयाँ क्रान्ति ल्याउँदै भविष्यका अन्तरिक्ष अन्वेषणहरूलाई प्रेरित गर्ने छ, जसले हामीलाई 'हामी एक्ला छौं कि छैनौं ?' भन्ने प्रश्नको उत्तर खोज्न थप नजिक पुऱ्याउने छ । *रासस*

*(लेखक अमेरिकामा एआई विज्ञका रूपमा कार्यरत छन्)*

## पाठक मञ्च

# सहकारीको रोग बैंकमा सर्दै, सरकारलाई छैन वास्ता

अहिले बैंकका कर्मचारीहरू जागिर छोड्न थालेका छन् । नाम चलेकै बैंकमा कार्यरत रहेका कर्मचारीहरूले पनि धमाधम जागिर छोडिरहेका छन् । जसरी सहकारी डुबेपश्चात् त्यहाँका कर्मचारीहरूले जागिर छोडेका थिए । बैंकमा समस्या निम्तिसकेको प्रमाणित भइसकेको छ । बैंकले ऋणको साँवाब्याज उठाउन सकिरहेको छैन ।

ऋणीले कर्जा नतिरेपछि धितो लिलाम प्रक्रिया अघि बढाइएको छ । तर, धितो लिलाम गरेर मात्रै के गर्नु ? त्यो पनि त बिक्री हुनुपऱ्यो नि ! परिवार, आफन्त, साथीभाइले समेत बैंकको जागिर छोड्न सल्लाह, सुझाव दिइरहेका छन् । सहकारी डुब्दा, भाग्दा सञ्चालक, अध्यक्षमात्र फसेनन्, कर्मचारीहरू पनि जेलमा जानुपरेको छ ।

हो, यसैबाट पाठ सिकेर अहिले बैंकमा खाइरहेको जागिर पनि छोडिरहेको छ । बैंकको आम्दानी दिनप्रति दिन खस्किँदै गएको छ । एकातिर कर्जा प्रवाह शून्य भएको छ, अर्कोतिर ऋण उठाउन सकिरहेको छैन । त्यसमाथि अहिले बचतकर्ताहरूले पनि आफ्नो निक्षेप भटाभट निकाल्न थालेका छन् । सहकारी होस् या बैंक, वित्तीय संस्था सबैको कर्जा लगानी तीन क्षेत्रमा छ भनेर थाहा भइसक्यो ।

त्यो हो, घरजग्गा, गाडी र सेयर । पाँच वर्षअघि करोडौं भनिने घरजग्गा अहिले लाखमा बिक्री नहुने अवस्था आएको छ । ३२ सयको सेयर १०० रूपैयाँ र ३० लाखदेखि करोडौं हालेर किनेको सवारीसाधन अहिले त्यसको आधा मूल्यमा बिक्री नहुने भएको छ । घरजग्गा, गाडी र सेयरको मूल्य दिनानु दिन घट्दै गएको छ ।

यिनीहरूको मूल्य कबाडीको भाउमा झरेको छ । बैंकबाट एउटै व्यक्ति तथा व्यापारीले लाखदेखि अर्बौंसम्म कर्जा लिएका छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले १० अर्ब रूपैयाँ र भाटभटेनी साहु मीनबहादुर गुरुङले बैंकबाट ५१ अर्ब रूपैयाँ ऋण लिएको बताइन्छ । यी त उदाहरणमात्रै हुन् । यस्ता सयौं व्यापारी, व्यवसायी छन्, जसले बैंकबाट अर्बौं ऋण लिएका छन् तर साँवाब्याज तिरेका छैनन् ।

बजारमा जो कोही घरजग्गा, गाडी र सेयर बेच्न चाहन्छन् । सार्वजनिक स्थलदेखि चिया पसल, भट्टी पसलसम्म यो किन्ने मान्छे खोजिरहेको भेटिन्छन् । तर, किन्ने कोही छैन । ऋणीहरूले हात उठाइसकेका छन् । उनीहरूले बैंकलाई नै धितो छोडिसकेका छन् । कर्जा तिर्न नसकेपछि झण्डै डेढ लाख सर्वसाधारण कालोसूचीमा परिसकेका छन् । अरु पनि पर्ने क्रम जारी छ ।

सहकारी डुब्ने हल्ला चल्नासाथ आफ्नो बचत निकाल्नेहरू जोगाए । अनि जसले सरकार र सहकारी सञ्चालक, अध्यक्ष र कर्मचारीको विश्वासमा परेर आफ्नो निक्षेप निकालेनन्, उनीहरू डुबे । अब बैंकमा पनि यस्तै हुने देखिन्छ । बजारमा बैंक डुब्ने चर्चा आगोझैं फैलिएको छ । कतिपयले यसमा विश्वास गरेका छन् भने कतिपय अन्योलमा देखिन्छन् ।

त्यसैले, अब बचतकर्ताहरूले बेलैमा दिमाग नपुऱ्याए सहकारीका निक्षेपकर्ताजस्तै अवस्था हुन बेर छैन । राष्ट्र बैंक र अर्थ मन्त्रालय बैंक, वित्तीय संस्था ठीकठाक रहेको दाबी गर्छन् । यद्यपि, यी संस्थाको लगानी कहाँ छ ? भन्दैनन् । बैंक, वित्तीय संस्थामा समस्या आइसकेको छ । सरकार अझै पनि सर्वसाधारणलाई भ्रममा राखिरहेको छ । हिजो सहकारीमा संकट आउँदा पनि सरकारले यस्तै गऱ्यो ।

सहकारीमा केही पनि समस्या छैन भनेर ढाँट्यो । पछि सहकारी सञ्चालक, अध्यक्षहरू बचतकर्ताको करोडौं रकम लिएर भागे । अहिले बचतकर्ताहरूको रुवाबासी चलेको छ । पैसा डुबेकै कारण कतिपय बचतकर्ताले सहन नसकेर आत्महत्या गरेका छन् भने कतिपय अस्पतालको बेडमा छन् । उनीहरूसँग उपचार गर्नसमेत पैसा छैन । अनि हिजो सहकारी ठीकठाक छ भन्ने सरकार अहिलेचाहिँ कहाँ छ ?

यसपटक भने जनता भ्रममा पर्नुहुन्न । न सरकारको न बैंक, वित्तीय संस्थाको । आफ्नो रकम भएको बैंक, वित्तीय संस्थाको अवस्थाबारे बुझौं । कहाँ लगानी गरिएको छ ? भनी खोजतलास गरौं । आफूसँगै अरुलाई पनि डुब्नबाट जोगाउँ । किनकि डुबेपछि सरकारले केही पनि गर्दैन भन्ने थाहा भइसक्यो । त्यसकारण अब जनता आफैं सचेत हुनुपर्छ । अहिले बैंकका कर्मचारीहरू धितो किन्ने ग्राहक खोज्दै हिँडिरहेको भेटिन्छन् ।

सस्तोमा धितो बेच्न खोज्दासमेत बैंकले ग्राहक पाइरहेको छैन । धितोको मूल्य दिनानु दिन घट्दै गएको छ भने बैंकको आम्दानी खस्किएको छ । कर्मचारीलाई तलब दिनदेखि निक्षेपको ब्याज अनि घरभाडा, दैनिक खर्च धान्न बैंकलाई धौधौ पर्न थालिसकेको छ । यस्तै अवस्था रहिरहे बैंक सहकारीको अवस्थामा पुग्न धेरै समय लाग्ने छैन । अब सञ्चारमाध्यमहरूले पनि जनतालाई सतर्क गराउनुपर्छ ।

बैंक, वित्तीय संस्थाहरूको यथार्थ बाहिर ल्याउनुपर्छ, कुनै पनि प्रलोभन, लोभमा नपरी । किनकि जनताभन्दा अरु कोही ठूलो होइन । जनता पनि अब ब्याजको प्रलोभनमा फस्नुहुन्न । ब्याजको लोभमा फस्दा साँवा नै गुम्नसक्छ । त्यसैले, होसियार हौं । साथै, बैंकमा अब रकम सुरक्षित छ भनेर ढुक्क भएर घरमा नबसौं ।

अहिले घरजग्गा, गाडी र सेयरमा मन्दी छ । यो केही दशकसम्म रहने जानकारहरू बताउँछन् । काठमाडौं उपत्यकासहित देशभर कोठा, सटर र फ्ल्याट खाली भइरहेका छन् । बसिरहेकाले पनि आधा भाडा घटाउन घरधनीहरूसँग माग गरिरहेका छन् । उनीहरू भन्छन्, 'कि आधा भाडा घटाउनुस् । नभए हामी बस्दैनौं ।' बजार झन्झन् मन्दीतर्फ मोडिएको छ । मुलुकमा बेरोजगारी, महँगी अनि गरिबी बढ्दै गएको छ । यसतर्फ सरकारको ध्यान गएको छैन । सत्ता जोगाउन मात्र ध्यान दिइरहेको छ । यसले देशलाई संकटतर्फ धकेल्ने कुरामा सचेत हुनुपर्ने बेला आएको छ ।

- रुषा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

रौतहटमा प्रहरी सक्रियताको परिणाम

# अपराध न्यूनीकरण र शान्ति सुरक्षामा सुधार

■ प्रभाव संवादाता

**काठमाडौं–** जिल्ला प्रहरी कार्यालय रौतहटले चालु आर्थिक वर्षको चार महिनामा अपराध न्यूनीकरण, चोरी निकासी नियन्त्रण, सवारी दुर्घटना न्यूनीकरण र फैसाला कार्यान्वयनमा अघिल्लो आवको सोही अवधिका तुलनामा उल्लेख्य उपलब्धि हासिल गरेको छ ।

चालु आर्थिक वर्षको साउन, भदौ, असोज र कात्तिक महिनामा अघिल्लो वर्षको तुलनामा कर्तव्य ज्यान र जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ताको संख्या घटेको तथा भन्सार चोरी निकासीमा संलग्न व्यक्ति र सवारीसाधन नियन्त्रण, स्रोत नखुलेको रकमसहित पक्राउ, फरार प्रतिवादी पक्राउ र प्राकृतिक स्रोतको अवैध दोहनमा संलग्नलाई नियन्त्रणमा लिने संख्या वृद्धि भएको प्रहरी तथ्यांक छ ।

अघिल्लो आवको चार महिनामा पाँचवटा कर्तव्य ज्यान र १४ वटा जबरजस्ती करणी मुद्दा दर्ता भएकामा चालु आवको सोही अवधिमा कर्तव्य ज्यानतर्फ पाँच र जबरजस्ती करणीसम्बन्धी नौ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । अवैध लागुऔषध नियन्त्रण अभियान सञ्चालन गरेको रौतहट प्रहरीले यसअवधिमा १३ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता र सोही संख्यामा फर्स्योट गरिएको छ । अघिल्लो आवको सोही अवधिमा आठवटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता र सात वटा फर्स्योट भएका थिए ।

रौतहटका प्रमुख प्रहरी उपरीक्षक दिलीप घिमिरेले सत्य तथ्य अनुसन्धान गरी कानुनबमोजिम कार्यान्वयन गरेकाले तुलनात्मक रूपमा प्रगति हासिल भएको बताए । उनले गत चैत २५ गतेदेखि जिल्ला प्रहरी कार्यालय रौतहटको कार्यालय प्रमुखको रूपमा जिम्मेवारी सम्हालेदेखि भन्सार तथा राजस्व छली, चोरी तस्करी नियन्त्रणमा शून्यसहनशीलताको नीति लिई कठोर कदम चालिएकाले सकारात्मक सुधार देखिदै गएको राससलाई जानकारी दिए । चोरी तस्करीमा संलग्न व्यक्ति, सामान र साधन पक्राउ गरी भन्सार तथा राजस्वमा बुझाउँदै आएको, ठूला तस्करी गर्ने र गराउने व्यक्तिलाई पक्राउ गरी मुद्दा दायर गरिएको उनले बताए ।

रौतहट प्रहरीले सोही अवधिमा भन्सार चोरी निकासीका सामग्री बरामद गरी एक करोड ९५ लाख ३९ हजार रूपैयाँ राजस्वमा योगदान गरेको छ । ती घटनामा संलग्न ११२ सवारीसधान बरामद र ४४ जनालाई पक्राउ गरी कारबाही अघि बढाइएको प्रमुख घिमिरेको भनाइ छ ।

ट्राफिक कारबाहीबाट साउन महिनामा नौ लाख २५ लाख, भदौमा आठ लाख ४३ हजार, असोजमा छ लाख ६५ हजार र कात्तिकमा ११ लाख ४९ हजार गरी कूल ३५ लाख ८३ हजार रूपैयाँ राजस्व संकलन भएको छ । ट्राफिकतर्फ राजस्व अघिल्लो सोही अवधिको तुलनामा घटेको छ । यसअघि सो अवधिमा ५७ लाख ३५ हजार रूपैयाँ राजस्व संकलन भएको थियो ।

स्रोत नखुलेको रकमसहित पक्राउको घटनामा चालु आवको चार महिनामा १५ लाख रूपैयाँसहित तीन जनालाई पक्राउ गरिएको छ । अघिल्लो आवको सोही अवधिमा स्रोत नखुलेको रकमसहित पक्राउका घटना शून्य थिए ।

चार महिनामा १५ वटा चोरीका मोटरसाइकल र दुईवटा चार चक्के सवारीसाधन बरामद गरी सवारीधनीलाई हस्तान्तरण गरिएको छ । सो कसूरमा १८ जनालाई पक्राउ गरी कारबाही गरिएको छ । यसअवधिमा फैसला कार्यान्वयनअन्तर्गत फरार रहेका १०७ जनालाई पक्राउ गरी अदालतसमक्ष पेस गरिएको जिल्ला प्रहरी कार्यालयको तथ्यांक छ । अघिल्लो आवको सोही अवधिमा ८५ जना फरार प्रतिवादी पक्राउ परेका थिए । अवैधरूपमा काठ कटान तथा गिट्टी बालुवा उत्खनन्मा संलग्न चार जना पक्राउ परेका छन् । उनीहरूको साथबाट १२ ट्र्याक्टर र १७ वटा अन्य सवारीसधान बरामद गरी उक्त कसुरबाट ८० लाख ७८ हजार रूपैयाँ राजस्व संकलन भएको छ ।

अपराध न्यूनीकरणसँगै सेवा प्रवाहमा सुधार गरिएको प्रहरी प्रमुख घिमिरेको दाबी छ । प्रहरी कार्यालयमा आउने पीडितलाई सेवा प्रवाहमा सजहीकरण गरी 'भनसुनविना काम' हुन्छ भन्ने विश्वास दिलाइएको उनको भनाइ छ । 'बिचौलियाको अभिलेखीकरण गरी त्यस्ता गतिविधिमा संलग्नलाई कारबाही गरिएको छ । गुनासो सम्बोधनका लागि कार्यालय प्रमुखसँग जनताको सिधा पहुँच स्थापित गरिएको छ । यसबाट नागरिकले सुशासन र शान्ति सुरक्षाको महसुस गरेका छन्,' उनले भने ।

प्रहरी उपरीक्षक घिमिरेले बेलाबखत स्थानीयस्तरमा देखिने समस्यालाई स्थानीय नागरिककै सक्रियता र सहकार्यमा समाधान गरिएकाले कुनै पनि अप्रिय घटना हुन नपाएको बताए । कार्यसम्पादनमा उत्कृष्ट ठहरिएको जिल्ला प्रहरी कार्यालय रौटहटलाई गत असोजमा मधेस प्रदेश प्रहरी कार्यालयले पुरस्कृतसमेत गरेको थियो ।

# बेनीका सबै घरपरिवारको विद्युतीय अभिलेखीकरण



**म्याग्दी–** प्रविधिको प्रयोग गरी सेवा प्रवाहमा सहजता ल्याउन, दोहोरो सुविधा हटाउने र लक्षित वर्गसम्म योजना तथा कार्यक्रमको पहुँच बढाउन बेनी नगरपालिकाले सबै घरपरिवारको विद्युतीय अभिलेखीकरण गरेको छ । सबै घरपरिवारको विस्तृत विवरण रहेको आर्थिक सामाजिक जोखिम व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याएको हो । यस्तो सूचना प्रणालीको प्रयोग गर्ने बेनी नगरपालिका नेपालकै पहिलो स्थानीय तह भएको नगरप्रमुख सुरत केसीले बताए ।

'घरदैलो गरेर सबै नगरवासीको घरपरिवारको विवरण संकलन गरेर सफ्टवेयरमा राखेका छौं,' उनले भने, 'लक्षित समुदाय र आवश्यकता पहिचान गरेर कार्यक्रम सञ्चालन गर्न यो सूचना प्रणालीले सहयोग गरेको छ ।' कोही एकै व्यक्तिले दोहोरो, तेहोरो सुविधा पाउने र कसैले नपाउने अवस्थाको अन्त्य हुने नगरप्रमुख केसीले बताए । प्रणालीमा घरको तस्बिर, परिवारका सदस्य, उनीहरूको रोजगार, आर्थिक, शैक्षिक, स्वास्थ्य अवस्थालगायत ९२ किसिमका सूचना राखिएको छ ।

दश किसिमका व्यक्तिगत सूचनालाई गोप्य राखिएको छ । नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, सचिव र विषयगत शाखाका कर्मचारीको पहुँच हुने प्रणालीको विवरण अद्यावधिक गर्ने अधिकार पनि उनीहरूलाई नै दिइएको छ । यही प्रणालीका आधारमा बेनी नगरपालिकाको १० वटा वडाका सात हजार ४४० घरमा क्युआर कोडसहितको विद्युतीय घर नम्बर प्रणाली लागू भइसकेको छ । यसबाट घरधनीको नाम र सम्पर्क नम्बरबाट घरको स्थान पहिचान गर्न सकिने छ । सूचना प्रणालीको विवरण संकलन गर्ने क्रममा पहिचान भएका ३४० जना विपन्न महिलालाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)को सम्बोधन परियोजनामार्फत आयआर्जनमुलक क्रियाकलाप गर्न बीउपुँजी स्वरूप २७ हजार रूपैयाँका दरले सहयोग गरिसकेको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताए ।

'सूचना प्रणालीको अधिकतम प्रयोग गरेर विकास आयोजना र कार्यक्रमलाई लक्षित समुदायको पहुँचमा पुऱ्याउने प्रयास गरेका छौं,' उनले भने, 'योजना निर्माण र कार्यान्वयनका लागि आर्थिक सामाजिक जोखिम सूचना प्रणालीले सहयोग गरेको छ ।' टहरामा बस्दै आएका सात घरपरिवारका लागि यस वर्ष घर बनाउने कार्यक्रम पनि यही सूचना प्रणालीबाट प्राप्त जानकारीका आधारमा बनाएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए ।

युएनडिपीको आर्थिक सहयोगमा स्थानीय गैरसरकारी संस्था संगममार्फत प्रत्येक बस्तीमा जनशक्ति परिचालन गरेर घरधुरीको विवरण संकलन गरिएको थियो । युएनडिपीले कोड फचुजन कम्पनीमार्फत विकास गरेको सफ्टवयरको अवधारणा, डिजाइन र विवरण राख्ने काम नगरपालिकाका सूचना प्रविधि अधिकृत खिम खत्री नेतृत्वको कर्मचारीहरूले गरेका थिए ।

सफ्टवयर निर्माण, घरधुरी सर्वेक्षण र प्रणालीमा प्रविष्ट गराउन ३९ लाख रूपैयाँ खर्च भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए । म्याग्दीको बेनी नगरपालिका, स्यांजाको पुतलीबजार नगरपालिका र सुर्खेतको पञ्चमुल गाउपालिकामा आर्थिक सामाजिक जोखिम व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याउन युएनडिपीले सहयोग गरेको थियो । पुतलीबजार र पञ्चमूलभन्दा अघि बेनी नगरपालिकाले प्रणालीको विकास गरी प्रयोगमा ल्याइसकेको नगरप्रमुख केसीले बताए । *रासस*

# लुम्बिनी प्रदेश प्रहरी अस्पतालको नयाँ भवन हस्तान्तरण अन्योलमा

खजुरा (बाँके)- लुम्बिनी प्रदेश प्रहरी अस्पतालमा 'अप्रेसन थिएटर' नयाँ भवन निर्माण भए पनि अझै हस्तान्तरण भएको छैन । लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोगमा साढे तीन तले सुविधा सम्पन्न अत्याधुनिक भवन तोकिएको समयावधिमा निर्माण सम्पन्न भए पनि बाँकी बक्यौता रकम निकाशा नभएपछि अझै भवन हस्तान्तरण भएको छैन ।

२०८१ असार १३ गते तोकिएको समयावधिभित्र भवन निर्माण कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानीका लागि २०८१ असार २३ गते फाइल पेस गर्दा बजेट अभावको कारण देखाई भुक्तानी रोकिएको थियो । चालु आर्थिक वर्षको अहिले साढे पाँच महिनाभन्दा बढी समय बितिसक्दा भुक्तानी नभएपछि समस्यामा परेको निर्माण कम्पनी सनलाइट/एनपी कन्स्ट्रक्सन जेभी नेपालगञ्जका सञ्चालक मोहनप्रकाश आचार्यले बताए । उनका अनुसार भवन निर्माण सम्झौताको अवधिभित्रै ऋण सापटी लिएर भए पनि निर्माण कार्य सम्पन्न गरेर समयमा भुक्तानी नहुँदा ठूलो संकट भएको छ ।

निर्माण कम्पनीका सञ्चालक आचार्यले बाँकी बक्यौता रकम निकाशाका लागि पटक-पटक प्रदेश मन्त्रालयको ध्यानाकर्षण गराएको बताए । लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा कानुनमन्त्री आदेश कुमार अग्रवालले मन्त्रालयमा बजेटको अभाव भएकाले चालु आर्थिक वर्षको योजनाको बजेटलाई रकमान्तरण गरी भुक्तानी गर्ने सकिने विकल्प भएकाले त्यसका लागि आवश्यक पहल भइरहेको बताए ।

मन्त्री अग्रवालले अत्याधुनिक भवनले अस्पतालको थप सेवास्तर वृद्धि भएको र प्रहरीलाई मात्र नभई बाहिरका बिरामीलाई सेवा प्रदान गर्नमा सहज हुने विश्वास व्यक्त गरे । भूकम्प प्रतिरोधात्मक साना ठूला गरी ६७ कोठा लिफ्टसहितको अत्याधुनिक साढे तीन तले भवन आठ करोड २१ लाख ६३ हजार रूपैयाँ (मूल्य अभिवृद्धिकरसहित) को लागतमा निर्माण गरिएको अस्पतालका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा. दीपा न्हुच्छे प्रधानले बताए ।

उनका अनुसार भवन निर्माणको कार्य सम्पन्न भएको र अहिले रु एक करोड ६२ लाख ७५ हजार आठ सय ७६ बाँकी रकम बक्यौता निर्माण कम्पनीलाई तिर्नुपर्नेछ । विसं २०७९ मंसिरदेखि भवन निर्माण सुरु भएर २०८१ असार १३ गते तोकिएको समयावधिभित्र भवन निर्माण गरिएको छ । *रासस*


**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## भेरी अस्पताल, नेपालगञ्ज

## बोलपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२१ गते**

यस अस्पतालका लागि चालु आ.व. ०८१/८२ मा तपशिल बमोजिमका मेडिकल औजार/उपकरणहरु आवश्यक भई सोको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरूले रितपूर्वकको तपसिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र खरिदका लागि तपशिलमा उल्लेखित दस्तुर रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यलय (को. ले. नि.का) बाकँको राजस्व खाता नं. १०००१००२०००१०००० (जम्मा गर्न पठाउने कार्यलयको नाममा भेरी अस्पताल र कार्यलय कोड नं . ३७०००५७०२ तथा राजस्व शीर्षक नं. १४२२९) मा जम्मा गरि सक्कलै भौचर सहित यस कार्यलयमा निवेदन पर्नेछ साथै बोलपत्र सम्बन्धि अन्य बिस्त्रत जानकारी (सूचनाका शर्तहरु) बोलपत्र साथ संलग्न राखिएको व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| सि. नं. | ठेक्का/ सूचना नं. | बिवरण | जमानत रकम | दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | BH/NCB/ESU/10/2081/082 | Electro-Surgical Unit | २५००००/- | ३०००/- | २०८१/१०/२१ गते कार्यलय समय भित्र | २०८१/१०/२२ गते, १२ बजे भित्र | २२०८१/१०/२२ गते, ०१ बजे |
| २ | BH/NCB/ESIS/11/2081/082 | Endoscopic Spine Surgery Instruments Set | १३००००/- | ३०००/- | २०८१/१०/२१ गते कार्यलय समय भित्र | २०८१/१०/२२ गते, १२ बजे भित्र | २०८१/१०/२२ गते, ०२ बजे |

**प्रमुख मेडिकल सुपेरिटेन्डेण्ट**



## Invitation for Bids

**Public Entity**

**Belbari Municipality, Morang**

**Invitation for Bids No.: BM/MOR/W/NCB-12-2081/082**

**Date of publication: 05-01-2025**

1. Belbari Municipality, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of Construction works of dam for Betna, Amna, Sisauli tourism area, Tourism route and turtle conservation under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 15738373.32 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| **Name of the Bank:** | Rastriya Banijya Bank Ltd. |
| **Name of Office:** | Belbari Municipality, Morang |
| **Office Code no:** | 801011304 |
| **Office Account no:** | 2430100301010002 |
| **Rajaswa (revenue) Shirshak no.:** | 14229 |

4. Pre-bid meeting shall be held at Belbari Municipality, Morang Belbari, Morang
Belbari Municipality, Morang
Koshi Pradesh
Nepal at 30-01-2025 12:00 hours.
5. electronic bids must be submitted to the office Belbari Municipality, Morang, Belbari, Morang, Belbari Municipality, Morang, Koshi Pradesh, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 04-02-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 04-02-2025 14:00 at the office of Belbari Municipality, Morang
Belbari, Morang
Belbari Municipality,
Morang Koshi Pradesh
Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 463000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

आइतबार, २१ पुस २०८१ (Sunday, January 05, 2025)

## अमेरिकामा कन्सर्ट गर्दै 'जोन एन्ड दि लोकल्स'

युवापुस्ता माझ चर्चित साङ्गीतिक ब्यान्ड 'जोन एन्ड दि लोकल्स' गुन्जिने भएको छ । 'लाइभ इन डिएमभी' नाम कन्सर्टमा ब्याण्डका गायक जोन चाम्लिङ राईले साङ्गीतिक प्रस्तुति दिने भएका हुन् । डिएमभी सालिसबरी सेन्टर ८८९० म्याथ्युज एभ मानसस भर्जिनियामा यही जनवरी ११ मा आयोजना हुने कन्सर्ट प्रोजेट ऊर्जाले आयोजना गर्न लागेको हो । अङ्ग्रेजी नयाँ वर्षको अवसर पारेर अमेरिकामा रहेका नेपालीहरूलाई साङ्गीतिक मनोरञ्जन दिने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको प्रोजेट ऊर्जाका सदस्य सुसन तिवारीले बताए ।



# ‘कार्साङ’को ट्रेलरमा दयाहाङ र जितुको पारिवारिक उतारचढाव

■ प्रभाव संवाददाता



**काठमाडौं–** दयाहाङ राई अभिनीत चलचित्र ‘कार्साङ’को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलर दयाहाङ राईलाई समाजले पानी काट्ने चेतावनीबाट सुरु भएको छ। झाँक्री विद्यामा समाजले गर्ने विश्वास, सामाजिक परम्परा, आर्थिक कारोबार, प्रशासन र समाजले गर्ने बहिष्कारलाई ट्रेलरले झल्काएको छ । अन्धविश्वास, परिवारको माया, अरूको चियोचर्चो गर्ने समाजले परिवारमा पुऱ्याएको बेमेल र पारिवारिक उतारचढावको कथा समेत ट्रेलरले समेटेको छ ।

यही पुस २६ गते रिलिज हुने फिल्म यम शेर्पाले निर्देशन गरेका हुन् । फिल्म ग्रामीण परिवेशमा आधारित पारिवारिक कथावस्तुमा केन्द्रित रहेको निर्देशक शेर्पाले बताए । फिल्मले अभाव, गरिबी र शेर्पा समुदायको सांस्कृतिक कथावस्तुलाई प्रस्तुत गर्नेछ । दयाहाङ राई, सिर्जना निङलेखुसँगै जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन र सुरवीर पण्डितलगायत कलाकारको अभिनय छ ।

यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा बनेको यो फिल्मका निर्माता तथा छायांकार पुरुषोत्तम प्रधान हुन् । सह-निर्मातामा गोविन्द बोहरा छन् । कार्यकारी निर्माताको रूपमा आङछिरिङ शेर्पा रहेका छन् ।

# पुष्पा:२ अब ओटिटीमा

■ प्रभाव संवाददाता

**मुम्बई–** पुष्पा २: द रूल विश्वभरका थिएटरहरूमा ठूलो दौड भइरहेको छ । गत वर्ष रिलिज भएको अल्लु अर्जुनको यो फिल्मले पनि रेकर्ड तोडेर कमाई गरिसकेको छ, यसको मतलव हो कि पुष्पा: २ लाई सबैले मन पराएका छन् । योसँगै ओटीटीमा रिलिज हुने प्रतिक्षामा रहेका दर्शकहरूका लागि ठूलो खबर आएको छ । ओटिटीमा कहिले र कुन दिन पुष्पा २: द रूल रिलिज हुने भन्ने सार्वजनिक भएको छ, जसले ओटीटी दर्शकको उत्साह बढाउन सक्छ ।

पुष्पा २: द रूलले विश्वव्यापी बक्स अफिसमा १८ सय करोड भारतीय रूपैयाँ कमाएको छ, जसबाट अझ थप कमाइ हुने अपेक्षा गरिएको छ । भर्खरै पुष्पा २: द रूलका निर्माताले फिल्म कम्तिमा ५६ दिन ओटीटीमा रिलिज नहुने पुष्टि गरेका थिए ।

यस्तो अवस्थामा जनवरी २५ मा पुष्पा २: द रूलको पनि ५६ दिन पूरा हुनेछ । यसपछि अल्लु अर्जुन र रश्मिका मन्डन्नाको फिल्म ३० जनवरी २०२५ मा सबै प्रमुख भारतीय भाषाहरूमा नेटफ्लिक्समा रिलिज हुने स्रोतहरूले बताएका छन् । यद्यपी निर्माताका तर्फबाट अहिलेसम्म कुनै आधिकारिक घोषणा गरिएको छैन । माइथ्री मुभि मेकर्सको उच्च बजेटको यो फिल्ममा अल्लु अर्जुनसँगै रश्मिका मन्डन्ना, फहद फासिल, राव रमेश, जगपति बाबु, सुनील र अनसूया भारद्वाजजस्ता कलाकार मुख्य भूमिकामा रहेका छन् ।



# 'दिलमायाको चिया दोकान' गीत सार्वजनिक


■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ साहित्यकार टंक भट्टराईको शब्दमा रहेको ‘दिलमायाको चिया दोकान’ बोलको गीत भावसागर युट्युब च्यानलबाट सार्वजनिक भएको छ । संगीतकार राजनराज सिवाकोटीको संगीत, गायिका मिलन नेवार र वरिष्ठ ईन्जिनियर वीरेन्द्र श्रेष्ठको स्वरमा सजिएको गीतलाई ए वान म्युजिसियन स्टुडियोमा रेकर्ड तथा किशोर थापाले मिक्स/माष्टर गरेका छन् ।

ताप्लेजुङको फुङलिङ बजारमाअवस्थित यो ‘चिया दोकान’को लोकप्रियता यसको स्वाद र यो गीतसँग जोडिएको छ ।

गीतको भिडियोमा नव कलाकारहरू नवीन भट्टराई, मारियम सिवा, निर्मला लावुङ (मिरा), दिनेश लिंखिम लगायतले अभिनय गरेका छन्। गीतको कोरियोग्राफी हिमा बराईली (बि बोइङ डान्स सेन्टर) ले गरेकि छिन् । क्यामेरामा भुपेन्द्र योङ्हाङ र फुङ्सो जबेगु, मेकप आर्टिस्ट शान्ति ब्युटी पार्लर फुङलिङ बजार रहेका छन् । भिडियोको निर्देशन मिलन बिश्वकर्माले गरेका छन् भने प्रोडक्सनको पुर्ण जिम्मेवारी पाथीभरा कृयशन हाउस प्रा. लि.का हर्कराज गुरुङले गरेका छन् । बदलिदो समाजलाई हाम्रो मौलिक परिचय ‘चिया दोकान’ले परिभाषित गर्ने हेतु ताप्लेजुङमा सहायक प्रमुख जिल्ला अधिकारी समेत रहेका साहित्यकार भट्टराईले जुराएको नाम ‘दिलमायाको चिया दोकान’ले नेपाली मौलिकता र राजनीति विश्लेषण गर्ने थलोको रूपमा परिभाषित छन् ।

अडियो भिडियोको निर्माणमा प्रजिन हाङबाङ, युवराज गिरी, लोकेश लिवाङ, काजी गुरुङ, हर्कराज पालुङ्वा, डम्बर लङ्वा, युवराज घोर्साईं, राजेन्द्र पन्त, सुनिल रेग्मी, आशिष केदेम, करण गौतम, रमला लिम्बु, सुरेन्द्र कार्की / मनिसा भट्टराई - कालिज कटेज, दिनेश लिफ्मि, लेखक प्रशान्त, छेतेन शेर्पा, खगेन्द्र अधिकारी, एलिना दियाली, सन्तोष पुर्कुटी, सेविका (दिलमाया) लगायतको सहभागिता रहेको छ ।






**यू-१९ महिला विश्वकप**

# पूजाको कप्तानीमा नेपाली टोली घोषणा




**काठमाडौं (प्रस)–** पूजा महतोको कप्तानीमा नेपालले आइसिसी यु-१९ महिला विश्वकप खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले शनिबार १५ सदस्यीय टोली घोषणा गरेको हो । नेपालले एसिया छनोटको च्याम्पियन बन्दै माघ ५ देखि २० सम्म मलेसियामा हुने विश्वकपमा स्थान बनाएको थियो ।

प्रतियोगिताका लागि नेपाली टोली पुस २७ मा मलेसियातर्फ जाने तालिका छ । १६ टोली सहभागी हुने विश्वकपको समूह ‘डी’ मा नेपालसहित अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्ड छन् । नेपालले माघ ५ मा बंगलादेशसँग खेल्दै प्रतियोगिता सुरु गर्नेछन् ।

### नेपाली टोली

पूजा महतो (कप्तान), साना प्रविन, ज्योत्सनिका मरासिनी, सोनी पाखिन (उपकप्तान), कुसुम गोदार, सावित्रा धामी, किरणकुमारी कुँवर, कृश्मा गुरुङ, रिया शर्मा, सिमाना केसी, स्नेहा महरा, रचना चौधरी, तृष्णा विक, अनु कडायतलगयत छन् ।

# एपिएफको जितमा रश्मीको ह्याट्रिक

**काठमाडौं (प्रस)–** नेपाल एपिएफ क्लबले जीत हासिल गरेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गरेको राष्ट्रिय महिला लिगको दोस्रो चरण (सुपर लिग) मा एपीएफ क्लबले जीत हासिल गरेको हो । रश्मीकुमारी घिसिङको उत्कृष्ट प्रदर्शनप्रेरित विभागीय टोली एपीएफले बागमती युवा क्लबविरुद्ध ५-१ को फराकिलो जीत हासिल गरेको छ ।

एपिएफले दोस्रो चरणको खेलमा सुखद सुरुआत गर्दा बागमतीको भने यो लगातार दोस्रो हार यो । यसअघि बागमती त्रिभुवन आर्मी फुटबल क्लबसँग २-० ले पराजित हुन बाध्य भएको थियो । एपिएफलाई फराकिलो जित दिलाउन रश्मीले ह्याट्रिक गर्दा गीता राना र अनिता केसीले थप एक एक गोल गरेका थिए भने बागमतीका लागि पुष्पाकुमारी खड्काले एक मात्र जवाफी गोल फर्काएकी थिइन् ।

# पथरीशनिश्चरेलाई फुटबल उपाधि

**पथरी (प्रस)–** पथरीशनिश्चरे नगरपालिकाले अन्तरपालिका नकआउट फुटबल प्रतियोगिताको उपाधि जितेको छ। प्रस्तावित बुद्ध रंगलामा शनिबार भएको फाइनलमा लेटाङ नगरपालिकालाई ३-१ ले पराजित गर्दै पथरीशनिश्चरेले उपाधिमा कब्जा जमाएको हो । सुरुआती अग्रता जोगाउन नसक्दा लेटाङ उपविजेतामा सीमित भयो । पथरीशनिश्चरेले उपाधिसहित एक लाख नगद प्राप्त गर्दा लेटाङले ५० हजार रूपैयाँमा चित्त बुझायो । खेलको म्यान अफ द म्याच पथरीशनिश्चरेका राउत घोषित भए । विधागत उत्कृष्टमा पथरीशनिश्चरेका समीर क्षेत्री उत्कृष्ट गोलकिपर, पथरीशनिश्चरेका सुवास तामाङ उत्कृष्ट डिफेन्डर, लेटाङका सन्दीप ठाडामगर उत्कृष्ट मिडफिल्डर तथा पथरीशनिश्चरेका सौरे राउत उत्कृष्ट स्ट्राइकर घोषित भए ।

# बागमती प्रदेश लिग फुटबलको उपाधि काठमाडौंलाई




■ प्रभाव संवाददाता

**मनहरी (मकवानपुर)** – बागमती प्रदेश लिग फुटबलको उपाधि काठमाडौंले हात पारेको छ । शनिबार भएको फाइनल खेलमा दोलखालाई पराजित गर्दै काठमाडौं प्रतियोगिताको च्याम्पियन बनेको हो ।

बागमती प्रदेश फुटबल संघ (एन्फा) को आयोजनामा भएको दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिताअन्तर्गत आजको फाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लबले दोलखाको टाइगर समूहलाई ३-० गोल अन्तरले पराजित गरेको हो ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रङ्गशालामा सम्पन्न फाइनल खेलमा काठमाडौँका लागि पहिलो हाफको २५औँ मिनेटमा सुजित बुढाथोकीले गोल गर्दै टिमलाई अग्रता दिलाएका हुन् । दोस्रो हाफको ७४औँ मिनेटमा बुढाथोकीले थप एक गोल गर्दै अग्रता दोब्बर बनाएका थिए ।

अन्तिम समयमा काठमाडौँका तर्फबाट आयुष कुँवरले गोल गर्दै टिमलाई ३-० को स्थितिमा पुऱ्याएका हुन् । खेलको ‘म्यान अफ दी म्याच’ बुढाथोकी घोषित भएका छन् । लिग विजेता काठमाडौँले रु दुई लाखसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छ । साथै उपविजेता दोलखाले रु एक लाखसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै काठमाडौँका बुढाथोकीले रु १५ हजार नगद पुरस्कार प्राप्त गरे भने प्रतियोगिताअन्तर्गत हाई स्कोरको उपाधि पनि बुढाथोकीले जिते । उत्कृष्ट गोल रक्षक काठमाडौँका चन्द्रशेखर श्रेष्ठ, उत्कृष्ट डिफेन्डर काठमाडौँका जनक कोइराला, उत्कृष्ट मिडफिडर काठमाडौँका विज्ञान खड्का, उत्कृष्ट फरवार्ड दोलखाका सुजन माझी र उत्कृष्ट कोच काठमाडौँका रूपेश क्षेत्रीले प्राप्त गरे ।

सबैले जनही रु पाँच हजारका दरले नगद पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा प्रदेशका १३ जिल्लामध्ये ११ जिल्लाको लिग विजेता फुटबल क्लबको सहभागिता थियो । रामेछाप र रसुवा भने एन्फामा आबद्ध नभएकाले लिगमा सहभागिता जनाएका थिएनन् ।



कोलम्बियाको पास्टोमा 'ब्ल्याक एन्ड व्हाइट्सु कार्निभलको समयमा परेडमा भाग लिँदै रिभलरहरू । यो कार्निभलको उत्पत्ति एन्डियन, अमेजन र प्यासिफिक सांस्कृतिक अभिव्यक्तिको मिश्रणबाट भएको हो र यसले यस क्षेत्रको जातीय विविधतालाई प्रस्तुत गर्दछ । सन् २००९ मा युनेस्कोले यसलाई अमूर्त सांस्कृतिक सम्पदाको रूपमा घोषणा गरेको थियो । *तस्बिरः एएफपी*

# सन् २०२५ मा विश्वका लागि ध्यान केन्द्रित गर्न चीन कटिबद्ध

**बेइजिङ–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले कार्यभार सम्हाल्दा आउनसक्ने सम्भावित व्यापार उथलपुथलका लागि बेइजिङले आफूलाई बलियो बनाइरहेको र सन् २०२५ मा आफ्नो अर्थतन्त्रलाई विश्वका लागि खुला राख्न चीन 'कटिबद्ध' रहेको चिनियाँ आर्थिक योजना मामिला हेर्ने एक उच्च अधिकारीले बताएका छन् ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले कोभिड-१९ महामारीपछि आर्थिक वृद्धिलाई पुनरुत्थान गर्न संघर्ष गरिरहेको छ । चीन महत्त्वपूर्ण आवास क्षेत्रमा ऋण संकट, लामो समयदेखि कम खपत र उच्च युवा बेरोजगारीको चपेटामा परेको छ। आफ्नो पहिलो कार्यकालमा व्यापक व्यापार युद्धका क्रममा चिनियाँ आयातमा कर वृद्धि गरेका ट्रम्पले जनवरी २० मा पदभार ग्रहण गरेपछि अमेरिकी राष्ट्रपतिका रूपमा उनले चीनलगायत मुलुकबाट हुने आयातीत सामानहरूमा कर वृद्धि गर्नसक्ने सम्भावनाबारे विश्व समुदायबीच चर्चा चलिरहेका समय शुक्रबार चीनको शीर्ष योजना निकाय राष्ट्रिय विकास तथा सुधार आयोग (एनडिआरसी) का अधिकारीहरूले भने, 'बाह्य वातावरण जनवरी २० तर जस्तोसुकै परिवर्तन भए पनि चीनको दृढता र बाहिरी संसारका लागि आफूलाई खुला राख्ने कार्यहरू अपरिवर्तित रहने छन् ।'

'नयाँ वर्षमा हामी निश्चितरूपमा प्रणालीगत खुलापनलाई निरन्तर विस्तार गर्ने र बजारीकरण, कानुनको शासनअन्तर्गत र अन्तर ाष्ट्रियकरण हुने व्यावसायिक वातावरण निर्माण गर्ने धेरै नयाँ उपायहरूको अवलम्बन गर्नेछौं,' एनडिआरसीका उपनिर्देशक झाओ चेनसिनले शुक्रबार एक पत्रकार सम्मेलनमा भने ।

चीनले 'उन्नत उत्पादन, आधुनिक सेवा, उच्च प्रविधि, ऊर्जा बचत र वातावरण संरक्षण' मा ठूलो विदेशी लगानीलाई प्रोत्साहित गर्ने योजना बनाएको उनले बताए । उच्च प्रविधि नवीनताका यस्ता क्षेत्रहरूको वरिपरि अर्थव्यवस्थालाई पुनर्निर्देशित गर्न चिनियाँ अधिकारी इच्छुक छन् । विगतको डबल-डिजिटको 'सबै लागतमा वृद्धि' लाई पछि छोडेर हरित ऊर्जा क्षेत्रलगायत आवश्यक क्षेत्रमा लगानी गर्न चीन तयार छ । *रासस⁄एएफपी*


**JAHADA RURAL MUNICIPALITY**
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**
**MORANG , KOSHI PROVINCE, NEPAL**


**Notice For Re-Invitation of Bids**

**Date of Publication: 21st Poush, 2081**

In reference to re-invitation for e-bid of Contract No. JRM/WORKS/SQ/081/82/12 the notice has been published with details as below:
1. Bid Estimated Amount is **1371681.45 (Without VAT)**
2. Bid Security **Amount Rs. 41000/-**
3. Last Date of **Bid Submission - 2081/10/07 12:00 PM**

For other details please visit bolpatra.gov.np/egp
**Chief Administrative Officer**


# सुडानमा करिब ७७ लाख मानिस गम्भीर खाद्य असुरक्षा जोखिममा



**जुबा–** विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले दक्षिण सुडानका लाखौं मानिसहरूलाई तत्काल मानवीय आवश्यकतालाई सहयोग गर्न आगामी छ महिनामा ४०४ करोड अमेरिकी डलर आवश्यक पर्ने बताएको छ ।

बिहीबार साँझ जारी गरिएको आफ्नो पछिल्लो प्रतिवेदनमा डब्ल्युएफपीले दीर्घकालीन खाद्य तथा पोषण असुरक्षाका कारण देश लामो समयदेखि मानवीय संकटको सामना गरिरहेको जनाएको छ । प्रतिवेदनले सुडानमा जारी द्वन्द्वले अवस्था झन् बिग्रिएको र सन् २०२४ नोभेम्बर ३० सम्ममा आठ लाख ९२ हजार मानिस दक्षिण सुडानबाट भाग्न बाध्य भएको जनाएको छ । डब्ल्युएफपीले चेतावनी दियो, 'परिस्थिति झन् खराब हुन सक्छ । सन् २०२५ मा करिब ७७ लाख मानिस गम्भीर खाद्य असुरक्षाको सामना गर्न सक्छन् ।' प्रतिवेदनका अनुसार करिब ७७ लाख मानिसमध्ये २५ लाखले खाद्यान्न असुरक्षाको आपत्कालीन स्तरको सामना गर्न सक्ने जनाएको छ ।

डब्ल्युएफपीले २१ लाख बालबालिका तथा ११ लाख गर्भवती महिला तीव्र कुपोषणबाट पीडित हुने सम्भावना रहेको पनि उल्लेख गरेको छ। डिसेम्बर २०२४ मा, डब्ल्युएफपीले दाताहरूलाई खाद्य आपूर्तिहरू पूर्वस्थापना गर्न प्रारम्भिक रकम उपलब्ध गराउन आह्वान गऱ्यो । जनवरी सन् २०२४ देखि, डब्ल्युएफपीले ४२ लाख मानिसलाई सहयोग गरेको छ । सन् २०२४ डिसेम्बर ११ मा, डब्ल्युएफपीले खाद्य असुरक्षा, द्वन्द्वबाट प्रभावित सीमान्तकृत समुदायहरूलाई सहयोग गर्न दक्षिण सुडान लचिलोपन रणनीति सुरु गऱ्यो । *रासस⁄सिन्ह्वा*

# पेरूमा बस दुर्घटना हुँदा छ जनाको मृत्यु

**लिमा–** उत्तरपश्चिम पेरुमा एउटा बस नदीमा खस्दा कम्तीमा छ जनाको मृत्यु तथा १७ जना बेपत्ता भएका छन् ।

अधिकारीहरूका अनुसार बस बिहीबार साँझ लिमाबाट उत्तरी पेरुको पोमाबाम्बाका लागि छुटेको थियो । उक्त बस शुक्रबार बिहान पाकोसबाम्बा नदीमा खसेको थियो, जसमा केही यात्रुहरू हालसम्म बेपत्ता रहेका छन् । स्थानीय मिडियाले सडकको खराब अवस्थालाई सम्भावित कारणको रूपमा उद्धृत गरेका छन् । घटनास्थलमा प्रहरी र सिभिल डिफेन्स टोली तैनाथ भएकाले उद्धार कार्य जारी रहेको छ । *रासस⁄सिन्ह्वा*

# अफगानिस्तानमा सडक दुर्घटना, दुई जनाको मृत्यु

**पुल–ए–खुम्री**, अफगानिस्तान- उत्तरी अफगानिस्तानको बाघलान प्रान्तमा भएको सडक दुर्घटनामा कम्तीमा दुई यात्रुको मृत्यु हुनुको साथै अन्य तीन जना घाइते भएका छन् ।

शुक्रबार साँझ प्रान्तको बागलान-ए-मरकाजी जिल्लामा एउटा गाडीले कारलाई ठक्कर दिँदा उक्त भयानक दुर्घटना भएको थियो, जसमा दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो र तीन जना घाइते भएका थिए । घाइतेहरूलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको छ। अफगानिस्तानमा सडकको खराब अवस्था, लापरवाह सवारी, चुनौतीपूर्ण भूभाग, ओभरलोडिङ, ओभरटेकिङ तथा तीव्र गतिका कारण सडक दुर्घटना हुने गरेको छ। *रासस⁄सिन्ह्वा*


**युएइ/साउदीमा रोजगार** कम्पनी : Abdul Rahman Al-Otaishan &Sons Group Co. LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316580 | चलानी नं. ६०२३०८०५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | | | | | | | | |
| 1 | Construction Labouers | 5 | 0 | 1000 | ३६,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker | 5 | 0 | 1000 | ३६,४९२ | | | | | | | |

कम्पनी : power recruitment LLc

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316315 | चलानी नं. ६०२३०८०६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Bubble Washing Machines for washing clothes

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316579 | चलानी नं. ६०२३०८०७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Laundry Worker | 1 | 0 | 1200 | ४३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस २८ गते (12 Jan. 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं. ८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


# एआई डेटा सेन्टर निर्माणमा माइक्रोसफ्टको पहल




**सान फ्रान्सिस्को–** माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) डेटा सेन्टर निर्माण गर्नको लागि सन् २०२५ मा ८० अर्ब अमेरिकी डलर छुट्याएको कम्पनीले जनाएको छ ।

माइक्रोसफ्टले शुक्रबार एक ब्लग पोस्टमा भन्यो, 'टेक विशालले एआई मोडेलहरूलाई तालिम दिन तथा विश्वभर एआई र क्लाउड-आधारित अनुप्रयोगहरू प्रयोग गर्ने योजना बनाएको छ ।' माइक्रोसफ्टका उपाध्यक्ष ब्राड स्मिथका अनुसार त्यो ८० अर्ब डलर विनियोजनमध्ये आधाभन्दा बढी संयुक्त राज्य अमेरिकामा खर्च हुने छ । स्मिथले थपे, 'एआईले अर्थतन्त्रको हरेक क्षेत्रमा नवप्रवर्तन र उत्पादकत्व बढाउने वाचा गर्छ । संयुक्त राज्य अमेरिका यस नयाँ प्रविधि लहरको अगाडि उभिन तयार छ ।' माइक्रोसफ्ट तथा ओपनएआई एक डेटा सेन्टर सुविधाको निर्माणको बारेमा वार्तामा थिए । यो सुविधा निर्माण गर्न १०० अर्ब डलरभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको थियो । *रासस⁄सिन्ह्वा*


**Tamankhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bongadovan, Baglung**
**Gandaki Province, Nepal**

**Invitation for Electronic Bids**

**First Publication Date: 2081/09/21(B.S.)**

Tamankhola Rural Municipality has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S.N. | Contract No. | Description | Bid Document Price (Non-refundable fee) (NRs.) | Bid Security Amount (NRs.) | Estimated Amount (Without VAT and Contingencies) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 05/TRM/NCB/ Works/2081/82 | Nunthalaghat (Narjaghat) Culvert Nirman | 3000.00 | 2,00,000.00 | 66,45,025.76 | |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public Procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp for further Information or may Contact Tamankhola Rural Municipality, Office of the Rural Municipal Executive Bongadovan, Baglung. Mobile: 9857681111, Email:ito.tamankholamun@gmail.com
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५३५०० | प्रति तोला - ० | प्रति तोला - १८१० |



**अर्गानिक सख्खर** | गुल्मीको रूरूक्षेत्र गाउककपालिका-३ स्थित थोर्गामा उखुको रस पकाएर सख्खर बनाउँदै कृषक। थोर्गेली अर्गानिक सख्खर स्वादिलो हुने भएको कारण कोसेलीको रूपमा युरोप, अमेरिका र अस्ट्रेलियासम्म पुग्ने गर्दछ। *तस्बिरः जनार्दन घिमिरे/रासस*

# 'आत्मनिर्भर अर्थतन्त्रको विकासमा ध्यान दिऔं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको आर्थिक अवस्थामा सुधार ल्याउन अर्थतन्त्रमा व्यापक सुधार गर्ने समय आएको बताएका छन्। नेपाल राष्ट्रिय व्यवसायी महासंघको सातौं वार्षिक साधारणसभा तथा तेस्रो राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उनले परिवर्तित राजनीतिक व्यवस्थाअनुकूल जनताको अवस्था परिवर्तन गर्न आर्थिक क्षेत्रमा व्यापक सुधार अनिवार्य भएको बताए।



'विगत लामो समयदेखि नेपालको अर्थतन्त्रमा देखिएका चुनौतीको सामना गर्दै यसको सुधारका पक्षमा व्यवसायीले धैर्यता र संयमताका साथ गरिरहेको योगदान स्मरणीय र उल्लेखनीय छ', अध्यक्ष दाहालले भने, 'अब क्रमशः नेपालको अर्थतन्त्रमा सुधारका संकेत देखापर्न थालेका छन्। लगानीमैत्री वातावरण, उत्पादन वृद्धि र व्यापार व्यवसायको प्रवर्द्धनमार्फत स्वरोजगर र रोजगारीका अवसर सिर्जना गर्दै अर्थतन्त्रमा व्यापक सुधार गर्न हाम्रो सम्पूर्ण ध्यान केन्द्रित गर्ने बेला आएको छ।'

अध्यक्ष दाहालले चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा आफ्नो नेतृत्वको सरकारले अर्थतन्त्रका रूपान्तरणकारी क्षेत्रको पहिचान र परिचालनका लागि स्पष्ट योजना अघि सारेको जिकिर गरे। उनले भने, 'कृषिलाई आधार र सूचना प्रविधिलाई नेतृत्वदायी भूमिकामा राख्ने अवधारणासहित कृषि, पर्यटन, जलविद्युत्, उद्योग र सूचना प्रविधि क्षेत्रलाई रूपान्तरणकारी क्षेत्रका रूपमा पहिचान र परिचालन गर्नु आर्थिक समृद्धिको क्षेत्रमा महत्वपूर्ण सुरुआत हो।'

संविधानको अभिष्ट समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नु रहेको भन्दै उनले त्यसका लागि उत्पादनमुखी अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्नुपर्नेमा जोड दिए।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति एवं नेपाली कांग्रेसका नेता रामहरि खतिवडाले मुलुकमा व्यावसायिक वातावरण बनाउन दलहरू आरोप प्रत्यारोपमा उत्रनुभन्दा एकताबद्ध भएर क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याए। उद्योगी, व्यवसायीलाई दुःख दिने कार्य कसैले पनि गर्न नहुनेमा जोड दिँदै उनले व्यवसायीले भोग्नुपरेका समस्या समाधान गर्न समितिका तर्फबाट आफूले सहयोग गर्ने विश्वास दिलाए। माओवादी केन्द्रका नेता एवं सांसद माधव सापकोटाले मुलुकको अर्थतन्त्रलाई सुधार गर्दै व्यवसायीले भोग्दै आएका चुनौतीलाई समाधान गर्न सम्पूर्ण राजनीतिक दल एकठाउँमा उभिनुपर्ने बताए।

# तिलोत्तमा उद्योग वाणिज्य संघ र भलाइ कोषबीच सम्झौता

■ प्रभाव संवाददाता

**मर्चवार–** दुर्घटना न्यूनीकरणका लागि संघसंस्थासँग सहकार्य अभियान सञ्चालन गरिरहेको यातायात मजदुर तथा व्यवसायी भलाइ कोष बुटवलले तिलोत्तमा उद्योग वाणिज्यसँग सम्झौता गरेको छ।



संघमा आबद्ध व्यवसायीका निजी तथा सार्वजनिक सवारीसाधनहरू भलाइ कोषमा आबद्ध गराउने र दुर्घटना न्यूनीकरण अभियानमा सहकार्य गर्ने उद्देश्यले वाणिज्य संघ र भलाइ कोष बुटवलबीच द्विपक्षीय सम्झौता भएको हो।

सम्झौतामा दुवै संस्थाका अध्यक्षले हस्ताक्षर गरेका छन्। संघले आफ्ना व्यवसायीका सवारीसाधन कोषमा दर्ता भएर सञ्चालन गर्ने सम्झौता गरेको भलाइ कोषका अध्यक्ष दिनेश फुल्लेलले जानकारी दिए। सम्झौतामा निजी तथा भाडामा चल्ने सवारीसाधनका अतिरिक्त संघमा आबद्ध व्यवसायीका मोटरसाइकल तथा स्कुटरहरू समेत कोषमा नियमानुसार शुल्क बुझाइ आबद्ध गराइने उनले बताए।

कोषमा मासिक शुल्क बुझाउने व्यवसायीलाई रु दुई सय छुट प्रदान गर्नेगरी सम्झौता भएको तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले उल्लेख गरे। उनका अनुसार सवारीसाधन बाटोमा दुर्घटना भई जीवित क्षति तथा तेस्रो पक्षको निर्जीव क्षतिको सम्पूर्ण लगानी कोषले बेहोर्नेछ। आफ्नो सवारीसाधनको व्यापक बिमा भएको अवस्थामा दुर्घटनाका कारण क्षति भएमा लागेको खर्चमा कोषले ५० प्रतिशत बेहोर्ने सम्झौतामा उल्लेख छ।

त्यस्तै, दुर्घटना भई चालकलाई हिरासतमुक्त गर्दा लाग्ने खर्च पनि भलाइ कोषले बेहोर्नेछ। मोटरसाइकल र स्कुटर दुर्घटना हुँदा दुईजनासम्मको उपचार खर्च रकम रु १५ लाखसम्म कोषले लगानी गर्ने सम्झौता भएको संघका अध्यक्ष जानकारी दिए।

दुवै पक्षबीच सम्झौता आदानप्रदान कार्यक्रममा कोषका तर्फबाट अध्यक्ष फुल्लेलका साथै उपाध्यक्ष छविलाल थापा, सचिव विजेश न्यौपाने, कोषाध्यक्ष प्रकाशकुमार नेपाल, कार्यालय प्रमुख ठानेश्वर बस्याल, वरिष्ठ लेखा अधिकृत ऋषिराम अर्याल र मणिग्राम शाखा प्रमुख पुरुषोत्तम भण्डारी सहभागी थिए भने संघका तर्फबाट अध्यक्ष कार्की, पूर्वअध्यक्ष गुणनिधि भण्डारी, वरिष्ठ उपाध्यक्ष सुरज पङ्गेनी, महासचिव राजकुमार पाण्डे, कोषाध्यक्ष टिकाराम भण्डारी, सदस्यहरू नरेशबहादुर क्षेत्री र गङ्गाराम पाण्डेको सहभागिता थियो।

# मुना मालिकाको प्रवर्द्धनका लागि पहल

**म्याग्दी (प्रस)–** यहाँको धवलागिरि गाउँपालिका-३ मा रहेको पर्यटकीयस्थल मुना मालिका क्षेत्र भौतिक पूर्वाधार विकास र प्रचारप्रसार नहुँदा ओझेलमा छ। हिमशृंखला, सूर्योदय, पहाडी भूगोल, वन पैदावार, वन्यजन्तुको अवलोकन गर्न सकिने यो स्थान समुन्द्री सतहदेखि तीन हजार सात सय मिटर उचाइमा छ। प्रचुर सम्भावना भए पनि पूर्वाधार र प्रचारप्रसारको अभावमा मुना मालिकामा पर्यटकीय गतिविधि बढ्न नसकेका गाउँपालिका-३ का वडाअध्यक्ष देवेन्द्र रोकाले बताए।

उनकाअनुसार यहाँबाट पुथा, गुर्जा, सिस्ने, धौलागिरि, मानापाथी, अन्नपूर्ण, नीलगिरि हिमशृंखलाको अवलोकन गर्न सकिन्छ। साथै म्याग्दी र बागलुङका बस्ती, बादल र पहाडको लुकामारी हेर्न पाइन्छ। मुनादेखि मालिका धुरी जाने पदमार्ग दुर्लभ वन्यजन्तु रेडपाण्डा (हाब्रे) को बासस्थान पनि भएको वडाअध्यक्ष रोकाले जानकारी दिए।

मुना मालिकामा हरेक वर्ष बुद्ध पूर्णिमाका दिन मेला लाग्ने गरेको छ। यस क्षेत्रमा जालिका, मालिका र कालिका देवीका थान रहेका छन्। बुद्ध पूर्णिमाका दिन मुना मालिकामा पूजाआजा गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ। मालिका गाउँपालिकाको देविस्थान र धवलागिरिको मुनाका बासिन्दा यहाँ पूजाआजाका लागि आउने गर्छन्। पहिले यहाँ धार्मिक मेला र ठेलो फाल्ने प्रतियोगितासमेत हुने गरेको जानकारहरू बताउँछन्। यो मुनाका कृषकहरूको गाईभैंसी र भेँडाबाखा चरिचरन गराउने महत्वपूर्ण क्षेत्र पनि हो।

धवलागिरिको केन्द्रसमेत रहेको मुनादेखि पाँच घण्टा उकालो यात्रा गरेपछि मालिका धुरीमा पुगिन्छ। यहाँ होटल तथा रेष्टुरेन्ट नभएकाले पाहुना, पर्यटक र भक्तजनले खाने र बन्दोबस्तीका सामान आफैं लैजानुपर्ने हुन्छ। पछिल्लो समय यहाँको विकासका लागि स्थानीय तह र प्रदेश सरकारले चासो देखाउन थालेको छ। धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन, उपाध्यक्ष रेशम पुनमगर, वडाअध्यक्ष रोकासहित जनप्रतिनिधि, पर्यटनकर्मी, सञ्चारकर्मी, स्थानीयवासी र गाउँपालिकाका कर्मचारीहरूको टोलीले केही दिनअघि मुना मालिकामा पुगेर पर्यटन प्रवर्द्धन कार्यक्रमसमेत गरिएको थियो।

# पुस २५ गतेदेखि चितवन महोत्सव

■ प्रभाव संवाददाता

**काठमाडौं –** चितवनको नारायणगढस्थित नारायणी किनारमा यही पुस २५ गतेदेखि आगामी माघ १० गतेसम्म १५औं चितवन महोत्सव आयोजना हुने भएको छ।

मध्ये क्षेत्रको ठूलो मानिने चितवन महोत्सवबारे आयोजित पत्रकार सम्मेलनमा महोत्सव मूल आयोजक समितिका संयोजक एवं उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमन श्रेष्ठले महोत्सवले समग्र चितवनको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। उनका अनुसार हरेक दुई वर्षमा आयोजना हुने महोत्सव यसपालि १० दिनबाट बढाएर १५ दिन पुऱ्याइएको छ।

सार्वजनिक नीति साझेदारीको नमूना प्रस्तुत गर्दै भरतपुर महानगरपालिका र जिल्ला समन्वय समिति मुख्य प्रवर्द्धन रहने गरी उद्योग वाणिज्य सङ्घ चितवनको आयोजनामा हुने चितवनको गौरव र गरिमामय प्रस्तुति चितवन महोत्सवमा यसपालि चिनियाँ व्यापारी कक्ष (पेभेलियन) रहने आयोजकले जनाएको छ।

बेरोजगार युवालाई महोत्सव परिसरमा रोजगारी उपलब्ध गराइने गरी नयाँ कार्यक्रम तयार पारिएको संयोजक श्रेष्ठले जानकारी दिए। 'भरतपुर महानगरसँगको समन्वयमा बेरोजगार युवा र रोजगारदातालाई रोजगार परिसर निर्माण गरी भेट गर्ने व्यवस्था गरिएको छ। जहाँ दक्ष र बेरोजगार युवालाई परिसरमा रोजगारी दिने व्यवस्था गरिएको छ', उनले भने।



उनले महोत्सवमा रोजगार कक्ष (डेस्क) स्थापना हुने बताए।

महोत्सव अवधिभर उद्यम गर्न चाहनेको तथ्याङ्क लिइने र नवउद्यमीहरूको पहिचान गरिने छ। त्यसपछि संघमा स्थापना भएको रोजगार तथा व्यवसाय सूचना केन्द्रमार्फत रोजगारीका लागि पहल गरिने जनाइएको छ। त्यस्तै आवश्यक सीप र तालिम सञ्चालन गरी स्वरोजगारका अवसर सिर्पना गरिने महोत्सवका संयोजक श्रेष्ठले बताए।

सङ्घले विगतका वर्षहरूमा पोल्ट्री, डेरी, मौरी र मह, केरालगायत उत्पादनलाई केन्द्रमा राखेर महोत्सव गरिसकेको भन्दै उनले महोत्सवबाट ती क्षेत्रको व्यावसायिक विकासमा सहयोग पुगेको विश्वास व्यक्त गरे। संयोजक श्रेष्ठले भने, 'यसवर्षको महोत्सव पर्यटन विकासमा केन्द्रित रहेको छ, यसपटक विविधतालाई प्रतिनिधित्व गर्नेगरी कृत्रिम पार्क निर्माण गर्दैछौं, चितवनका पर्यटकीय स्थलमा जान/आउन सफारीको व्यवस्था, होमस्टेमा बस्ने व्यवस्था, वृत्तचित्र प्रदर्शनी, महोत्सवबाट पर्यटकीय स्थलहरूमा जाने तथा पार्टी र बासको व्यवस्था गर्दैछौं।'

चितवन महोत्सवमा घुम्न आउने पर्यटकलाई बस्न, खानमा महोत्सव अवधिभर पर्यटन व्यवसायीसँगको समन्वयमा छुटको व्यवस्था समेत गरिएको महोत्सवको आर्थिक समितिका संयोजक, उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्ष कल्याण जोशीले जानकारी दिए। उनले महोत्सवमा कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, पोल्ट्री, तथा उद्योग प्रवर्द्धनका गतिविधि सञ्चालन हुने बताए।

उनका अनुसार पुस २९ गतेदेखि माघ ४ गतेसम्म चितवनको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटक, सूचना प्रविधि, साहित्यलगायत जिल्लाको समग्र सामाजिक, आर्थिक, विकासका सम्भावनामा केन्द्रित विज्ञहरूसहितको राष्ट्रिय सेमिनार आयोजना गरिने छ। यसपटक तोरीको उत्पादन प्रवर्द्धन गर्न मौरीको प्रतिमासहित तोरीबारी पनि निर्माण गरिने छ।

### अन्तर्राष्ट्रिय उत्पादनको प्रदर्शनी

महोत्सवमा यसपालि अन्तरराष्ट्रिय उत्पादनको पनि प्रदर्शनी हुने आयोजकले जनाएको छ। चीनको उद्योग वाणिज्य सङ्घको समन्वयमा चीनका विभिन्न प्रतिष्ठानको उत्पादन प्रदर्शनीसहित चाइनिज पेभेलियन रहने उद्योग वाणिज्य सङ्घ चितवनका उपाध्यक्ष राजेन्द्र वलीले जानकारी दिए।

उनका अनुसार उक्त पेभेलियनमा सात वटा विशेष स्टल रहने छन्। यसका साथै महोत्सवमा कृषि परिसर, अटो परिसर, डोम, निर्माण एक्स्पो र रेष्टुरेण्ट परिसरसहित कूल चार सय ३० वटा स्टल रहने महोत्सव आयोजक समितिले जनाएको छ।

### पुस २९ देखि "फुड फेष्टिभल"

महोत्सवअन्तर्गत पुस २९ गतेदेखि माघ ७ गतेसम्म भने नारायणगढको क्याम्पाचौरमा फुड फेष्टिभल (खाना महोत्सव) आयोजना गर्न लागिएको आज पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। फुड फेष्टिभलमा परम्परागत खानाको प्रवर्द्धन गरिने आर्थिक समितिका संयोजक जोशी जानकारी दिए।

पन्ध्र दिनसम्म सञ्चालन हुने महोत्सवमा विगतमा जस्तै विविध खेलकुद, जलयात्रा, स्वास्थ्य सेवा, आदिवासी जनजातिको भेषभुषा, कला संस्कृति झल्कने मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, दैनिक राष्ट्रिय कलाकारको प्रस्तुति, बाल उद्यानलगायत सञ्चालन हुने जनाइएको छ। महोत्सवको पाँच लाख दर्शकले अवलोकन गर्ने र ३० करोड बढीको कारोबार हुने अनुमान गरिएको आयोजकले जनाएको छ।

# कफीखेतीमा आकर्षित हुँदै मदानेका कृषक

■ प्रभाव संवाददाता

**गुल्मी –** पछिल्लो समय जिल्लाका कृषक परम्परागत कृषि पेसा छोडेर कफीखेतीमा आकर्षित हुन थालेका छन्। मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकहरू यतिबेला बारीमा मकै र कोदोखेती छोडेर कफीको व्यावसायिक उत्पदान गर्न थालेका हुन्।

तीन वर्षअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषकहरूलाई व्यावसायिक रूपमा कफीखेतीप्रति आकर्षित गराउन तालिकसहित कफीको उत्पादन र यसको महत्वबारे जानकारी दिनाका साथै कफीखेती गर्न चाहनेलाई अनुदान उपलब्ध गराएपछि कृषकले परम्परागत खेती छोडेर यसतर्फ आकर्षित भएका सिर्सेनीका कृषक मेघलाल अर्यालले बताए।

मकै र कोदोजस्ता परम्परागत खेती गर्दै आएका कृषकलाई कफीखेती तुलनात्मक रूपमा सहज भएको उनको भनाइ छ। यहाँका किसानले 'तीनधारे कफी उत्पादन कृषक समूह' मार्फत खेती सुरु गरेका अर्यालले बताए। उनका अनुसार चार वर्षअघि गठन भएको उक्त संस्थामार्फत यहाँका प्रत्यक परिवारले व्यावसायिक रूपमा उत्पादन सुरु गरेका हुन्।

यहाँका कृषकको बगैँचामा ५० देखि दुई हजारसम्म कफीका बोटहरू रहेका अर्यालले जानकारी दिए। चार वर्षअघि रोपेका बोटहरूले फल दिन सुरु गरेपछि कृषक पनि उत्साहित बनेका छन्। सिर्सेनीमा सबैभन्दा बढी कफीखेती गर्ने कृषकका रूपमा अर्याल चिनिन्छन्।

दश रोपनी जग्गामा यतिबेला दुई हजार बढी बोट रहेका कृषक अर्यालले जानकारी दिए। 'चाँडै हुर्किएका बोटहरूबाट कफी पाक्न थालेको छ। विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले कफीले ढपक्क ढाकेको छ', उनले भने। उनी जस्तै व्यावसायिक कफीखेती सुरु गरेका शशीधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या भए पनि अहिले खेतीले आशा जगाएको बताए।

जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाकी प्रमुख गंगाकुमारी पोख्रेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयका तर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजाली उपलब्ध गराइएको जानकारी दिइन्। परियोजनाले खेती सुरु गर्नुपूर्व गाउँमा 'कफी पाठशाला' सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिएको उनले बताइन्। परियोजना प्रमुख पोख्रेलले जिल्लामा कफीखेतीमा कृषकहरूको आकर्षण बढे पनि समयसमयमा देखिने गवारो, ढुसी, डढुवालगायत सङ्क्रमणले बोटमा क्षति पुऱ्याउने गरेको उल्लेख गरिन्।

समयमा ती सङ्क्रमणका कारण लाग्ने रोगको पहिचान गरी समाधान गर्न सकेमा जिल्लामा व्यावसायिक रूपमा कफीखेती गर्ने कृषकको संख्यामा थप हुँदै जाने जिल्ला समन्वय समितिका प्रमुख दोर्णबहादुर खत्रीले बताए। कफी उत्पतिको जननी मानिने गुल्मीमा अहिले दुई सय ४१ हेक्टरभन्दा बढी क्षेत्रफलमा कफीखेती गरिँदै आइएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ।

जिल्लामा उत्पादन हुने कफी जापान, कोरियालगायत मुलुकमा निर्यात हुने गर्दछ। पछिल्लो समयमा ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँडालगायत स्थानीय तहले कृषकलाई व्यावसायिक कफीखेतीका लागि अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ